# एकिकृत ग्रामिण विकास योजना

२०७५/०७६-२०८०/०८१

मल्लरानी गाउँपालिका
प्यूठान

स्कलर नेपाल प्रा.लि.
ललितपूर, नेपाल

## हाम्रो भनाई

# विषयसूचि

**परिच्छेद एक** ........ **4**

**परिचय** ........ **4**

१.१ पृष्टभुमि ........ 4
१.३ उदेश्य ........ 5
१.४ कानुनी तथा नीतिगत व्यवस्था ........ 5
**१.५ कार्यक्षेत्रगत शर्त** ........ 6

**परिच्छेद दुई** ........ **8**

विधि तथा प्रकृया ........ 8
**२.१ आवधिक योजना निर्माणको आधार** ........ 8
*२.१.१ सन्दर्भ सामग्रीको समिक्षा* ........ *9*
*२.१.२ मल्लरानी गाउँपालिकाका बहुसरोकर्वालाहरुसंग प्रारम्भिक छलफल* ........ *10*
*२.१.३ वस्तुस्थिति विश्लेषण* ........ *10*
*२.१.४ पालिका स्तरीय आवधिक योजना निर्माण कार्यशाला* ........ *10*
*२.१.५ सूचना / तथ्यांकको प्रशोधन, व्यबस्थापन, विश्लेषण तथा खाका प्रतिबेदन तयारी* ........ *10*
*२.१.६ प्रतिबेदनको प्रारम्भिक खाका तयारी तथा प्रमाणीकरण छलफल* ........ *10*
*२.१.७ अन्तिम प्रतिवेदन पेश* ........ *11*
*२.१.८ सिमा* ........ *11*

**परिच्छेद तीन** ........ **12**

**वस्तुस्थिति विश्लेषण** ........ **12**

**३.१ पृष्टभुमि** ........ 12
**३.२ मल्लरानी गाउँपालिकाको विकास अवधारणा** ........ 13
*३.३ क्षेत्रगत अवस्थाको विश्लेषण* ........ *14*
*आर्थिक क्षेत्र* ........ *14*
*सामाजिक विकास* ........ *16*
*वन, वातारण तथा जैविक विविधता* ........ *17*
*पूर्वाधार विकास समिति* ........ *19*
*संस्थागत विकास समिति* ........ *20*

**परिच्छेद चार** ........ **23**

**दीर्घकालीन सोच तथा नीति कार्यक्रम** ........ **23**

**४.१ गाउँपालिकाको दिर्घकालिन सोच** ........ 23
**४.२ लक्ष्य तथा उदेश्य** ........ 23
**४.३ नीति तथा कार्यक्रम** ........ 23
**४.४ नातिजमुलक बिस्लेषण** ........ 24
**४.५ नीति तथा कार्यनीति** ........ 39
**४.६ बजेट प्रक्षेपण** ........ 52
**४.७ प्रमुख कार्यक्रम तथा आयोजना** ........ 53
**४.८ क्षेत्रगत बजेट बिनियोजन** ........ 56
**४.९ श्रोत परिचालनको शासकीय अवस्था** ........ 58
तिल्वँ : एीक्कृत ्रीम्ए ाव्कँस इँज्ँ इँज्वैँ ऋृनम्न त्ँ मूल्इँक्न ्पित्तःइँ ........ 59

**सन्दर्भ सामग्री** ........ **60**

# परिच्छेद एक
# परिचय

## १.१ पृष्टभुमि

दश बर्षे शसस्त्र द्वन्द्व, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन तथा तत्पश्चातको मधेस आन्दोलनको जगमा स्थापित संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघिय शासन व्यवस्थालाई मुर्तरुप दिन संविधानसभामार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ प्रदेस र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ[१] ।

अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ ।

संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय सरकारहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संबिधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ काम गर्ने क्षमता राख्छन् । तसर्थ राजनीतिक परिवर्तनको अपेक्षा बमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुऱ्याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्बृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी ५ वर्ष भित्र आफ्नो गाउँपालिका तथा गाउँपालिकालाई साँच्चिकै नमुना बनाउन सक्ने अवसर पाएका छन् ।

स्थानीय सरकारले अव आ-आफ्नो अधिकार क्षेत्र भित्र रही कानुन बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट बनाउने, आन्तरिक तथा बाह्य स्रोतको अनुमान मात्र होइन आफ्नै परिवेश सुहाउदो शिक्षा नीति, रोजगार नीति, पूर्वाधार नीति लगायतका महत्वपुर्ण नीतिहरु बनाएर तथा दीर्घकालिन योजनाहरु बनाएर कार्यान्वयनमा लैजान सक्छन, जसले उनीहरुको कामलाई उदाहरणीय बनाउन सक्छ ।

वैज्ञानिक र दुरदर्सी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुऱ्याउँछ । विना योजना सिमित स्रोत साधनवाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिँदैन । संविधानले गाउँपालिकालाई स्थानीय तहमा सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ, सेवाको प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी वनाउन तथा गाउँपालिकाको सन्तुलित विकासलाई मुर्तरुप दिन एवम् विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि वढाउन योजनाको आवश्यकता अपरिहार्य हुने गर्दछ ।

[१] नेपालको संविधान, २०७२

## १.२ एकिकृत ग्रामिण विकास योजना तर्जुमा गर्नुको औचित्य

संबिधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ वमोजिम स्थानीय सरकारहरुले आवश्यक पर्ने वार्षिक तथा एकिकृत ग्रामिण विकास योजना योजना, दीर्घकालील योजना, तथा रणनीतिक योजनाहरु निर्माण गरि लागु गर्न सक्ने कुरा उल्लेख छ । त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ दफा ५.५.३ ले वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा (क) स्थानीय तहको एकिकृत ग्रामिण विकास योजना योजनाको सोच, लक्ष्य, उद्देश्य, राणनीति र (ख) स्थानीय तहको खर्च संरचनालाई आधार वनाउनु पर्ने कुरा उल्लेख छ ।

संघिय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारको वजेट एकिकृत ग्रामिण विकास योजना योजनासँग र बार्षिक कार्यसम्पादनसँग जोडिनु पर्ने कुरामा जोड दिएको छ भने स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु मध्यमकालिन खर्च संरचना र दीर्घकालिन रुपमा निर्माण गरिएका योजनाहरु भाग (अंश)को रुपमा रहनुपर्ने नीतिगत व्यवस्था छ । तसर्थ स्थानीय सरकारले मध्यमकालिन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि एकिकृत ग्रामिण विकास योजना गुरुयोजना वनाउन आवश्यक देखिन्छ ।

कुल ८०.०९ ब किमी क्षेत्रफल रहेको मल्लरानी गाउँपालिका प्राकृतिक, धार्मिक तथा सास्कृतिक सम्पदाका हिसावले सम्भावना बोकेको गाउँपालिका हो । करिव २९ वर्ग किमी कृषियोग्य भूमि, ३६ बर्ग किमी वनजंगल, तथा ०.१६ वर्ग किमी जलक्षेत्रले ओघटेको यस गाउँपालिकाको दीगो विकासका लागि उपलब्ध साधन स्रोतको उच्चतम प्रयोग गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि गाउँपालिकाले समष्टिगत तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई मुर्तरुप दिन “सामाजिक , आर्थिक , सांस्कृतिक, पर्यटकीय क्षेत्रको पहिचान गर्दै विकास र समृद्धिको माध्यमबाट रोजगारीका अबसर सृजना गरी गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउने” लक्ष लिएको छ ।

त्यसै गरी गाउँपालिकाको विकासमा नीजि, सहकारी र उपभोक्ता समितिहरुसँगको सहकार्यलाई घनिभुत बनाउने तथा उत्पादनमुलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने, छिटो प्रतिफल दिने भौतिक पूर्वाधारको निर्माणमा जोड दिने, राजश्व परिचालनलाई जनमैत्री वनाउने, वातावरणीय पक्षसँग सम्बन्धित परियोजनाहरुलाई दीगो बनाउने, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक संरचनाहरुको संरक्षणमा जोड दिने, गुणस्तरिय शिक्षा, स्वास्थ्य, प्रजनन जस्ता पक्षहरुको सवलीकरणमा जोड दिने तथा संस्थागत विकासलाई प्रभावकारी वनाई सेवा प्रवाहलाई चुस्त वनाउने लागायतका विविध पक्षलाई नीति तथा कार्यक्रमले समेटेको छ ।

गाउँपालिकाले चाहेको उल्लिखित लक्ष पुरा गर्न एक बर्षको प्रयासले मात्र सम्भव हुदैन, तसर्थ यी लक्षहरुलाई व्यवस्थित तथा चिरस्थाई रुपमा प्राप्त गर्न एकिकृत ग्रामिण विकास योजना योजनाको आवश्यक परेको हो ।

### १.३ उदेश्य

- गाउँपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकासको खाका कोर्ने
- गाउँपालिकाको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने
- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने

## १.४ कानुनी तथा नीतिगत व्यवस्था

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका एकिकृत ग्रामिण विकास योजना योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय

तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन सञ्चालनसम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि एकिकृत ग्रामिण विकास योजना, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनले तथा गाउँपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा गाउँपालिका ले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालनतथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार सञ्चालनसम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको एकिकृत ग्रामिण विकास योजना योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना अयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.५ कार्यक्षेत्रगत शर्त

१. मल्लरानी गाउँपालिकाको समग्र विकासका चुनौती र अवसरको अध्ययन गर्ने,

२. मल्लरानी गाउँपालिकाको योजनाको खाका तयार पार्ने
३. समष्टिगत आर्थिक लक्ष्य तथा खाका तयार पार्ने
४. गाउँपालिकाले लिने समष्टिगत नीति तयार पार्ने
५. सार्वजनिक, निजी, र सहकारी साझेदारी
६. गाउँपालिकाको आर्थिक क्षेत्रको पहिचान
७ गाउँपालिकाको सामाजिक क्षेत्रको पहिचान
८. गाउँपालिकाको पूर्वाधार क्षेत्रको पहिचान
९. गाउँपालिकाको संस्थागत विकास, लोकतन्त्र र सुशासनको अवस्था
१०. गाउँपालिकाका अन्तरसम्वन्धित विषयहरु
११. योजना तर्जुमा, कार्यान्वयन, र अनुगमन तथा मुल्यांकन

# परिच्छेद दुई
# विधि तथा प्रकृया

## २.१ एकिकृत ग्रामीण विकास योजना निर्माणको आधार




प्रकृति र संस्कृति समाजका पहिचान हुन जहाँ मानविय शिल्पी हातको सकारात्मक, कलात्मक र सिर्जनात्मक प्रयोगले दुरगामी योजना निर्माणमा योगदान गर्ने गर्छ । प्रकृति पद्धत्त श्रोत साधनहरु निशुल्क प्राप्त सामाजिक सम्पत्ति हुन । सस्कृति परापुर्वकाल देखि समाज र मानवलाई अनुशासन, कर्तव्य, जिम्मेवारी र सस्कारमा डोहोऱ्याउन बनाईएको अलिखित तथा अव्यक्त कानुन हो । प्रकृति र संस्कृतिका सकारात्मक र सुन्दर पक्षहरुको कलात्मक प्रयोगले सम्बन्धित क्षेत्रको पहिचानलाई उजागर गर्न सहयोग पुऱ्याउछ । पहिचान समाजको मार्गदर्शक हो जसका आधारमा गरिएको विकासमा सामाजिक अपनत्वको भाव झल्कन्छ ।

सामाजिक तथा आर्थिक विकाससँगसँगै जोडिएर आउने अर्को विषयवस्तु भनेको द्वन्द्व हो । विकास सबैको आवश्यकता हुदाहुदै पनि सामाजिक अन्तर्यलाई नबुझी गरिएको विकासले द्वन्द्वको अवस्था निम्त्याउन सक्ने सम्भावना पनि उत्तिकै हुन्छ । तसर्थ योजनाबद्ध विकासले सामाजिक द्वन्द्व व्यवस्थापनमा पनि उत्तिकै ध्यान पुऱ्याउनु आवश्यक छ । संघिय संरचनाको एउटा महत्वपूर्ण पक्ष भनेकै तीन तहका सरकारवीच सहमती, सहकार्य र सहअस्तित्वको सम्बन्ध हो जुन दीर्घकालीन रुपमा एक आपसमा हुन सक्ने द्वन्द्व[२] को निरुपण गर्दै समतामुलक विकासको बाटो बनाउन सहायक सिद्ध हुनसक्छ ।

विकासको पूर्व सर्त यसले कुन हदसम्म स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्छ भन्ने कुरामा निर्भर गर्छ । मल्लरानी गाउँपालिका प्रचुर सम्भावना हुदाहुदै पनि अपेक्षाकृत रुपमा अधिबढ्न नसकिरहेको गाउँपालिका हो । तसर्थ एकिकृत ग्रामिण विकास योजना योजनाले ती स्थानीय सम्भावनाहरुको पहिचनमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

---

[2] स्रोत बाँडफाड, अधिकार बाँडफाँड, तथा अन्य प्रकृतिका द्वन्द्व ।

उदारीरकण, नीजिकरण र बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैवाट निर्देशित नेपाल सरकारको नीतिबाट यो गाउँपालिका अछुतो रहने कुरै भएन । तसर्थ प्रतिष्पर्धी बजार अर्थतन्त्रको मागदर्शक सिद्धान्तका आधारमा प्रस्ताबित एकिकृत ग्रामिण विकास योजना योजनाको निर्माण गरिएको छ । यसले मल्लरानी गाउँपालिकाको विकास, उत्पादन, उद्यमशीलता, रोजगारी जस्ता विषयवस्तुलाई आन्तरिक वजारको माग र आवश्यकता बमोजिम अघि बढाउन सहयोग गर्ने छ ।

माथि उल्लेखित चार खम्बे शैधान्तिक अवधारणाका आधारमा यस गाउँपालिकाको एकिकृत ग्रामिण विकास योजना योजना निर्माण गरिएको छ ।




### २.१.१ सन्दर्भ सामग्रीको समिक्षा

एकिकृत ग्रामिण विकास योजना योजना तर्जुमाका लागि मल्लरानी गाउँपालिकासँग सम्बन्धित अभिलेख, तथा उपलब्ध लेख रचना वा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी यस गाउँपालिको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त मल्लरानी गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तरगतका ऐन, कानून तथा निर्देशिका , प्रदेश सरकारका नीति तथा कार्यक्रम, मल्लरानी गाउँपलिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तरगतका एकिकृत ग्रामिण विकास योजना योजना निर्माण निर्देशिका, अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरियो । यी अध्ययनहरुको आधारमा मल्लरानी गाउँपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### २.१.२ मल्लरानी गाउँपालिकाका बहुसरोकर्वालाहरुसंग प्रारम्भिक छलफल

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारवालाहरुसँग एकिकृत ग्रामिण विकास योजना योजना निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर २०७५ माघ २२ र २३ गते प्रारम्भिक तहको दुई दिने छलफल गरियो । गाउँपालिकाका सरोकारवाला (राजनीतिक प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा छलफल भयो । साथै एकिकृत ग्रामिण विकास योजना योजना निर्माणमा सवै समुदायको समान, समतामुलक तथा समानुपातिक प्रतिनिधित्वका लागि पालिका स्तरीय समितिहरु गठन गरियो । जस अन्तरगत गा.पा अध्यक्षको अध्यक्षतामा मुल समिति गठन निर्माण गरियो भने विषयगत समितिका अध्यक्षहरुको अध्यक्षतामा विषयगत समितिहरु गठन गरिए । यी समितिहरु गठनको मुख्य उद्देश्य एकिकृत ग्रामिण विकास योजना योजना निर्माण प्रक्रियामा सम्बन्धित सबैको अपनत्व सहितको सहभागिता जुटाउनु रहेको थियो ।

### २.१.३ वस्तुस्थिति विश्लेषण

तथ्यमा आधारित योजनाले मात्र गाउँपालिकाको सोच र लक्षलाई दिशाबोध गर्न सक्ने भएकाले पालिका स्तरीय समितिहरुको गठन सँगसँगै  गाउँपलिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई पनि अघि बढाईयो । वस्तुस्थिती विश्लेषणको मुख्य उद्देश्य गाउँपालिकाको विविध क्षेत्रको धरातलीय यथार्थको जानकारी लिनु थियो ।

### २.१.४ पालिका स्तरीय आवधिक योजना निर्माण कार्यशाला

प्रारम्भिक चरणमा  एकिकृत ग्रामिण विकास योजना निर्माण प्रयोजनार्थ गठन गएिका मुल तथा विषयगत समितिहरुसँगको छलफलबाट  मल्लरानी गाउँपालिकाका आर्थिक, सामाजिक, सास्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र  प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गरियो । तीन दिवसीय उक्त कार्यशालाको पहिलो दिन वस्तुस्थितीको विश्लेषणका साथै गाउँपालिकाको अवसर, चुनौती, तथा रणनीतिक उपायहरुको बारेमा समूह कार्य सहित छलफल तथा अन्तरक्रिया गरियो । दोस्रो दिन विषयगत समितिहरुको सकृय सहभागितामा गाउँपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष तथा उद्देश्य निर्माणको कार्य गरियो  भने तेस्रो दिन समूहकार्यको माध्यमबाट गाउँपालिकाले तय गरेको लक्ष बमोजिम नीति, क्षेत्रगत उद्देश्य, तथा तदअनूरुपका प्रमूख कार्यक्रमहरुको तय गर्ने कार्य गरियो ।

### २.१.५ सूचना / तथ्यांकको प्रशोधन, व्यबस्थापन, विश्लेषण तथा खाका प्रतिबेदन तयारी

वस्तुस्थिती विश्लेषण तथा एकिकृत ग्रामिण विकास योजना निर्माण कार्यशालाबाट प्राप्त सूचना तथा तथ्याङ्कको व्यवस्थापन तथा विश्लेषण योजना निर्माणको शैद्धान्तिक अवधारणाका आधारमा तयार गरि एकिकृत ग्रामिण विकास योजना योजनाको खाका प्रतिवेदन तयार गरियो ।

### २.१.६ प्रतिबेदनको प्रारम्भिक खाका तयारी तथा प्रमाणीकरण छलफल

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी एकिकृत ग्रामिण विकास योजना योजना सम्बन्धि प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि २०७६ जेष्ठ मल्लरानी गाउँपालिकाका सम्वन्धित सरोकारहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको एकिकृत ग्रामिण विकास योजना योजनामा समाबेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुभावलाई संग्रहित गरियो ।

### २.१.७ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको प्रारम्भिक खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरियो ।

### २.१.८ सिमा

एकिकृत ग्रामिण विकास योजना योजना निर्माण केही प्राविधिक कठीनाईका विच सम्पन्न गरिएको थियो । गाउँपालिकाको पार्श्वचित्र २०६८ सालको जनगणनालाई आधार मानि निर्माण गरिएकाले प्रस्तुत योजनामा समाबेश गरिएको तथ्याङ्कले गाउँपालिकाको बर्तमान अवस्थालाई आंशिक रुपमा मात्र ईंकित गरेको छ । त्यसै गरी मुल र विषयगत समितिहरुले आगामी ५ बर्षका लागि प्रमुख कार्यक्रम अन्तरगत गरेको लागत अनुमानको आँकलन उक्त कार्यक्रमका लागि आवश्यक पर्ने वास्तविक लागतसँग मेल नखान सक्छ ।

# परिच्छेद तीन
# वस्तुस्थिति विश्लेषण

## ३.१ पृष्टभुमि




प्रदेश नं.५ प्यूठान जिल्ला स्थित ८२ डिग्री ४८ मिनेट ३० सेकेण्ड देखि ८३ डिग्री ०१ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर र २८ डिग्री २ मिनेट देखि २८ डिग्री ६ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित ८०.०९ वर्ग कि मी क्षेत्रफलमा फैलिएको मल्लरानी गाउँपालिकामा साविकका प्यूठान न.पा. का वडा नं (१, २, ३, ५ र १८), चुँजा गा.वि.स., धरमपानी गा.वि.स र रस्पुरकोट गा. वि. स का वडा नं ६, ७, ८ र ९ समाबेश गरिएको छ । पाँच वटा वडाहरुमा विभाजित यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्ला पर्दछ भने, पश्चिममा माण्डवी गाउँपालिका र प्यूठान न.पा., उत्तरमा झिमरुक गाउँपालिका र प्यूठान न.पा. र दक्षिणमा ऐरावती गाउँपालिका पर्दछन् ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार कुल १७,६८६ जनसंख्या रहेको यस गाउँपालिकामा पुरुष ४२.६६ प्रतिशत (७,५४४ जना) र महिला ५७.३४ प्रतिशत (१०,१४२ जना) रहेका छन् भने जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २२१ जना प्रति वर्ग किलोमिटर छ । त्यसैगरी कुल जनसंख्या मध्ये ५१.५९ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४०.०८ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ८.३३ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूह तथा कुल ४,१२० रहेको देखिन्छ।

टेवल १ जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १७,६८६ |
| पुरुष | ७,५४४(४२.६६ प्रतिशत) |
| महिला | १०,१४२(५७.३४ प्रतिशत) |
| लैंगिक दर ( प्रति १०० जना महिलामा पुरुष संख्या) | ७४.३८ |
| जम्मा घरधुरी | ४,१२० |
| औषत परिवार आकार | ४.२९ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ७३.५५ |
| जनघनत्व (प्रतिवर्ग किमी) | २२१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

समुद्री सतहबाट ४९२ देखि १८८२ मि. को उचाईमा अवस्थित, २९.९० वर्ग कि.मि. कृषि योग्य जमिन, ३६.०८ वर्ग कि.मि वनजंगल र ०.१६ वर्ग कि. मि. जलक्षेत्रले ओगटेको मल्लरानी गाउँपालिका कृषि पर्यटनको लागि सम्भावना युक्त गाउँपालिका हो । बेशी, शिवालिक क्षेत्र १००० देखि १५०० मिटर र पहाडी भू-भाग १,५०० मि.देखि १८८२ मिटरसम्म अवस्थित यो गाउँपालिका चुँदरी खोला, कचर खोला, तल्लो झिम्रुक २, छाप खोला, कान्द्रे खोला लगायतका खोलानालाबाट सिंचित छ ।




बहादेवि मन्दिर, भिमसेन मन्दिर, शिवालय, झाँकीस्थान, खैराकोट, गुफा भैरव डाँडा, मल्लरानी डाँडा, शिवालय, भिमेस्थान, जस्ता धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु रहेको यस गाउँपालिकामा स्थानीय गीत/भाका - असारे, झ्याउरे, दोहोरी गित, बदरपाटा खैरा फूलबारीको मेला, हिक्मतेश्वर मेला, बिजुलीकोट जात्रा, गाईजात्रा पल्टन मेला, खैराजात्रा, कात्तिके जात्रा मसागापाटीको, ठूलासिम मेला, रजवारा मेला रोपाइँ जात्रा, कृष्ण जात्रा, सुन्दरनगरी बहाने कुनौटा पूर्णिमा मेला जस्ता सस्कृति र कला झल्काउने जात्रा तथा मेला लाग्ने गरेको छ ।

## ३.२ मल्लरानी गाउँपालिकाको विकास अवधारणा

मल्लरानी गाउँपालिकाले संघिय संविधानले प्रत्याभूत गरेको एकल तथा साझा अधिकारको आधारस्तम्भमा टेकेर सहअस्तित्व, सहकार्य तथा समन्वयको भावलाई आत्मसाथ गर्दै स्थानीय आवश्यकता सुहाउदो विकासको मौलिक अवधारणालाई अघि सार्ने प्रयत्न गरेको छ । विविध समयमा भएका छलफल र विमर्शमा मल्लरानीको विकासलाई सांकेतिक रुपमा मोही (मौलिकतालाई प्राथमिकता दिने रणनीति) वा कोक (आधुनिकतालाई प्राथमिकता दिने रणनीति) रणनीतिक अवधारणाका साथ अघि बढाउने भन्ने बहस सृजना गरेको थियो । गाउँपालिका स्तरीय वहसले मौलिकतामा आधारित विकासको अवधाणालाई अंगिकार गर्दै देहायका पक्षहरु समेटी एकिकृत योजना तयार गर्ने निर्क्यौल गरेको थियो ।

- ✓ भू-उपयोग योजना,
- ✓ भौतिक पूर्वाधारको अवस्था विश्लेषण गरी आगामी बाटो पहिचान गर्ने,
- ✓ कृषि समस्या, समाधान र प्रकृया,
- ✓ पर्यटन क्षेत्रको विकासका लागि लिनुपर्ने मान्यता र पर्यटन प्रवर्द्धन गर्न अगाडि बढाईने योजना,
- ✓ सामुदायिक स्वास्थ्यका समस्या, चुनौती र स्थानीय सरकारले अवलम्बन गर्नु पर्ने बाटो
- ✓ सामुदायिक शिक्षाका समस्या, चुनौती र स्थानीय सरकारको संलग्नता,
- ✓ ग्रामिण औधोगिकरणको प्रक्रिया, सिद्धान्त र आगामी बाटो,
- ✓ युवा संलग्नताका क्षेत्रहरु,
- ✓ प्राकृतिक स्रोतको व्यवस्थापन

गाउँपालिकाले परिकल्पना गरेको विकासको अवधारणालाई मुर्तरुप दिन क्षेत्रगत अवस्थाको वास्तविकता पहिचान गर्नु आवश्यक हुन्छ । तसर्थ गाउँपलिकाको समग्र अवस्थालाई आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास गरी पाँच क्षेत्रमा विभाजन गरी ती क्षेत्रका उपक्षेत्रहरुको समग्र अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

## ३.३ क्षेत्रगत अवस्थाको विश्लेषण

मल्लरानी गाउँपालिका अन्तरगत एकिकृत ग्रामिण विकास योजना योजना निर्माण प्रयोजनार्थ गाउँपालिकाका प्रतिनिधिको अध्यक्षतामा गठित विषयगत समितिहरुसँग २०७५ चैत्र २ देखि ४ गतेसम्म भएको छलफल तथा अन्तरकृयाका आधारमा गाउँपालिकाका क्षेत्रगत संभावना, समस्या तथा संभावना उपयोगको रणनीति तय गरिएको थियो । मुल समिति तथा बिषयगत समितिहरुले तयार पारेको गाउँपालिकाको समग्र अवस्था तथा रणनीतिहरुलाई तल प्रस्तुत गरिएको छ ।

## आर्थिक क्षेत्र

व्यवसायिक कृषि (पशुपालन, तरकारी तथा फलफूल खेती, माछापालन, मौरीपालन), कृषि-वन जन्य उत्पादन (च्युरी, तेजपात, टिमुर), घरेलु उद्योग (फर्निचर, पाउरोटी, चाउमिन, सिलाईकटाई, दुना टपरी) मल्लारानी गाउँपालिकाका मुख्य आर्थिक स्रोतका रुपमा रहेका छन् भने मल्लारानी, भट्टाचौर, झाक्रीस्थान, शिवालय, भिमसेनथान, चुजाकोट, प्रतापकोट, घरमशीला, माटेओढार, कुखुरे गैडा गुफा जस्ता प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको उपलब्धता पनि यस गाउँपालिकाको आर्थिक संभावना तथा अवसरका रुपमा रहेको छ । त्यसै गरी बजारको सहज पहुच, व्यवसायिकता, शिपयुक्त जनशक्ति आदि गाउँपालिकाका लागि चुनौतीका रुपमा रहेका छन् ।

| उपक्षेत्र | संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | • व्यवसायिक तरकारी खेती, अदुवा तथा वेसार खेती, फलफुल खेती (कागती, जुनार, सुन्तला, किवि, आँप, लिची, कटहर) भइरहेको,<br>• खाद्यान्न वालीको विउ उत्पादन हुने गरेको,<br>• खेती योग्य जमिन भएको,<br>• कृषि विमाको व्यवस्था गरिएको<br>• मौरी पालनको लागि सवै वडाहरुमा उपयुक्त चरन क्षेत्र भएको,<br>• वडा नं. २,३,५, चुजा, सालढाटी, खैरा माछापालनका लागि उपयुक्त,<br>• बाखापालन, गाई भैसी, कुखुरा तथा बंगुरपालनका लागि उपयुक्त<br>• कृषि, दुग्ध, बहुउद्देशिय सहकारी भएको<br>• दुग्ध डेरी, मासु पसल प्रसस्त मात्रामा भएको,<br>• कृषिलाई व्यवसायिकरण गर्ने संभावना भएको | • बजारको समस्या - विक्रिवितरण, र उचित मुल्य नपाउनु)<br>• बजारको समस्याका कारण कृषकहरु मसला वाली खेती गर्न कम इच्छुक,<br>• कागती, जुनार, सुन्तला, किवि, आँप, लिची, कटहरको विरुवाको अभाव,<br>• व्यवसायिक पकेट क्षेत्रको नभएको<br>• विउ प्रमाणीकरणको समस्या, विउको उचित मुल्य नपाउनु, कृषकले खाद्यान्न बालीमा बढी जोड दिने । विउ प्रशोधन भण्डारणमा समस्या<br>• सवै बडामा पानीको स्रोत कम भएको, पानीको मुहान सुक्दै गएको सिचाई सुविधा कम भएको,<br>• कृषि विमा गर्न कम इच्छुक, झन्झटिलो, प्राविधिक जनशक्तिको अभाव<br>• कृषकले मौरीजन्य सामग्री (घार, महदानी) अनुदानमा प्रशस्त नपाउनु, महको प्रशोधन, गुणस्तर निर्धारणको समस्या, बजारको समस्या,<br>• माछाको भुरा जिल्ला भित्र नपाउने, समयमा उपलब्ध | • हाट वजार तथा संकलन केन्द्रको स्थापना गरिने,<br>• सुठो, वेसार, अदुवाको केण्डी, अदुवाको जुस, सेम्पु उद्योगको स्थापना र प्रवर्द्धन गर्ने,<br>• विरुवाको लागि नर्सरी व्यवस्थापन, जुस उद्योग, फलफुल वजार स्थापना, व्यवसायिक कृषकहरुलाई प्रोत्साहन, अनुदान र सम्मान गर्ने,<br>• विउ प्रमाणीकरणको लागि विज्ञ व्यवस्थापन विउ प्रशोधन भण्डारण, ढुवानीमा अनुदान, विउ प्रमाणीकरण तालिम,विउ विक्रीको ग्यारेन्टी गर्ने<br>• प्लाष्टिक पोखरी, पक्की पोखरी तथा थोपा सिंचाईको व्यवस्था<br>• कृषि विमा कार्यक्रम लागु गर्ने, कृषि विमामा अनुदान दिने, कृषि विमाका लागि छुटै प्राविधिक व्यवस्थापन गर्ने<br>• मौरी जन्य सामग्री अनुदानमा उपलब्ध गराउने, मौरी पालनको पकेट क्षेत्र स्थापना गर्ने, महको प्रशोधन तथा गुणस्तरको व्यवस्थापन गर्ने<br>• माछा भुरा स्रोत केन्द्र स्थापना गर्नु पर्ने, पोखरी अनुदान दिने<br>• चरण क्षेत्र निर्धारण गर्ने, बजार मुल्य व्यवस्थापन गर्ने । -कृत्रिम गर्भाधान केन्द्र व्यवस्थापन गर्ने) घाँसको नर्सरी व्यबस्थापन गर्ने |

| | | | |
|---|---|---|---|
| | | नहुने तथा माछा बिक्रीमा समस्या<br>● चरन क्षेत्र अभाव, दुधको बजार मुल्य नपाउनु, दाना समयमा नपाउनु, प्राविधिक सेवा समयमा नपाउनु<br>● कृषकलाई तुरुन्त ऋण उपलब्ध गराउन नसकेको, कृषि सहकारी मार्फत मल विउ अनुदान दिन नसक्नु, सहकारीको नीतिगत समस्या,<br>● दुध उत्पादनमा समस्या,<br>● खसी बाखा प्रसस्त नपाउनु तथा गुणस्तीय मासु पसलको अभाव,<br>● जग्गा समतल नहुनु । | ● कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने, मल अनुदानको व्यवस्थापन गर्ने, रोजगारी प्रवर्द्धन गर्ने<br>● डेरी, मासु पसललाई व्यवस्थापन गरी गुणस्तरीयता कायम गर्ने<br>● कृषि यन्त्रमा अनुदान दिने । |
| उद्योग, ब्यापार व्यवसाय | ● च्युरी, तेजपात, टिमुर, फलफुल सालपात, अमला, चिराइतो, गुर्जा, कुरिलो, मालगीरि, रोजिन सल्लोको व्यवसायिक उत्पादन हुने गरेको ।<br>● फर्निचर, पाउरोटी, चाउमिन, सिलाईकटाई, दुना टपरी, होटल, ग्रिल, दुग्ध, संकलन आदि स्थानीय उद्योगहरु हाल सञ्चालनमा रहेका । | ● व्यवसायिक फलफुल र जडीबुटी खेती नभएको तथा आवश्यक प्रविधिको अभाव,<br>● जनशक्ति विदेश पलायन, दक्ष प्राविधिक ज्ञान र भुउपयोगको ज्ञान नभएको,<br>● बजारीकरणको अभाव, गुणस्तरीय तथा मात्रात्मक उत्पादन नभएको<br>● वित्तिय संस्थाबाट पर्याप्त ऋण सहयोगको कमी | ● फलफुल जडिबुटीको पकेट क्षेत्र स्थापना<br>● समयानुकुल प्रविधिको उपयोग<br>● भूउपयोगको नीति तय गर्ने<br>● ब्यवसायिक ज्ञानको लागि तालिम गोष्टीको व्यवस्था<br>● औद्योगिक एवं पकेट क्षेत्र अध्ययन अवलोकलन,<br>● उद्योग स्थापनामा प्राविधिक एवं आर्थिक सहयोग<br>● बैंक तथा वित्तिय संस्थाबाट ऋण सहयोगमा सहजता हुनुपर्ने<br>● स्थानीय उद्योगको संरक्षण गर्ने नीति वनाउने |
| पर्यटन | ● मल्लारानी, भट्टाचौर, झाक्रीस्थान, शिवालय, भिमसेनथान, कृष्ण मन्दीर, विश्वकर्मा, भगवती मन्दीर, असारे चौर, पिकनीक स्पोर्ट, सरस्वती मन्दीर, गुम्बा लगायतका पर्यटकीय क्षेत्र भएको ।<br>● चुजाकोट, प्रतापकोट, घरमशीला, माटेओढार, कुखुरे गैडा, गुफा, माझपानी, शिद्धथान, पालुका थान कुडुले गुफा, चिल्डेन पार्क, भुमेकास्थान मन्दीर, दुर्गामन्दीर, चौर पानी, दलमारे पिकनिक स्पट, जडिबुटी उद्यान बुकेनी जस्ता प्राकृतिक तथा मानव निर्मित स्थलहरु भएको । | ● बाटो तथा खानेपानीको अभाव<br>● प्रचारप्रसारको अभाव,<br>● पुरातात्विक मन्दिरहरुको निर्माण गर्न नसक्नु<br>● जनचेतनाको कमी | ● सवै पर्यटकिय स्थलहरुको सर्वे गरी डि पि आर तयार गर्ने<br>● पुरातत्व विभागसँग समन्वय<br>● संस्कृतिको संरक्षण<br>● ट्रेकिङ रुट र होम स्टेको प्रवर्द्धन |

## सामाजिक विकास

गाउँपालिकामा सामाजिक क्षेत्र तर्फ आधारभूत पूर्वाधारको व्यवस्था भएको देखिन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला तथा वालवालिकाको अवस्था त्यसैगरी युवा तथा खेलकुदको विकासका लागि प्रयासहरु भएको देखिन्छ । अद्यपि सामाजिक सेवाहरुको वितरण पर्याप्त तथा समानुपातिक तवरले नभएको आशय सामाजिक विकास समितिबाट प्राप्त भएको थियो । तसर्थ समितिले त्यसै अनुरुपमा रणनीतिहरु प्रस्ताव गरेका छन् ।

| उपक्षेत्र | संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|---|
| शिक्षा | • विद्यालय – मा.वि सामुदायिक ६, संस्थागत १, आ. वि सामुदायिक १६, संस्थागत २, क्याम्पस १<br>• शिक्षक – मा.वि स्थायी ८, अ. ६, राहात ५, गापा अनुदान १०, प्राविधिक ८,<br>• आ.वि – स्थायी ५७, अस्थायी १३, राहत १६, गा.पा अनुदान २३ ।<br>• भवन – कच्ची २६, पक्की ४५, फर्निचर भएको, खेलमैदान एउटा मात्र भएको, शौचालय सवै विद्यालयमा भएको, खानेपानी सवै विद्यालयमा भएको,<br>• पहुच– सवै विद्यालयमा भर्ना भएका, सिकाई उपलब्धि – औषत ५५, पुस्तकालय – माविमा मात्र | • पर्याप्त विद्यालय तथा प्रविधिक विद्यालयको अभाव<br>• कक्षागत तथा विषयगत शिक्षकको अभाव<br>• पक्की भवनको अभाव<br>• बाल मैत्री, अपाङ्ग मैत्री विद्यालय भवनको अभाव<br>• विद्यार्थीमा नियमितता र टिकाउको अभाव,<br>• विद्यालयहरुले राष्ट्रिय मापदण्ड पुरा नगरेका | • आधारभूत, माध्यमिक तथा उच्च शिक्षाको पहुँच विस्तार गरिने<br>• शिक्षा क्षेत्रको गुणस्तरीयताका लागि दक्ष मानव संसाधनको व्यवस्था गरिने,<br>• भौतिक संरचनाको स्तरीकरण तथा गुणस्तरीयता बृद्धि गरिने छ । तथा संरचनाहरु बालमैत्री र अपाङ्ग मैत्री बनाइने<br>• स्वच्छ खानेपानीको व्यवस्था गरिने<br>• सिकाई उपलब्धी औषत ६५ पुऱ्याउने |
| स्वास्थ्य | • आयुर्बेद औषधालय १<br>• प्राथमिक स्वा.के १,<br>• स्वास्थ्य चौकी ३,<br>• सहरी स्वास्थ्य क्लिनिक १<br>• बर्थिङ सेन्टर ४ | • अस्पतालको अभाव,<br>• स्वास्थ्य चौकी, वर्थिङ सेन्टर, सा.स्वा इकाइ पर्त्याप्त नहुनु<br>• निशुल्क पाइने औषधिको अभाव | • अस्पतालको स्तरीकरण गरिने,<br>• प्रत्येक स्व.चौकीको भौतिक तथा प्राबिधिक क्षमता अभिबृद्धि गरिने,<br>• निशुल्क औषधिको व्यवस्था गरिने, |
| खानेपानी तथा सरसफाई | • खानेपानीको श्रोत भएको र केही योजनाहरु सञ्चालनमा रहेका<br>• सबै वडाहरुमा शौचालय भएको<br>• बजार क्षेत्रमा सरसफाई कार्यक्रम सञ्चालन भएको | • पर्याप्त र स्वस्थ्य खानेपानी उपलब्ध नभएको श्रोत संरक्षण र उपभोग नभएको<br>• सबैको घरमा शौचालय नभएको, सरसफाईको अभाव | • श्रोत संरक्षण, योजना मर्मत र सञ्चालन गरी स्वच्छ खानेपानी उपलब्ध गराउने<br>• शौचालयको निर्माण तथा फोहोर व्यवस्थापन |
| महिला वालबालिका तथा लक्षित वर्ग | • निर्णय प्रकृयामा महिला सहभागिता देखिन्छ<br>• महिला हिंसा विद्यामान छ ।<br>• माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था<br>• बाल क्लव तथा बाल संजाल गठन | • सक्रिय र अर्थपूर्ण सहभागिता नभएको<br>• महिला हिंसा<br>• उच्च शिक्षा निशुल्क नभएको<br>• उद्यमशिलता तालिम नभएको<br>• विपन्न वालबालिकाले शिक्षाको अवसर गापाएको<br>• बालश्रमको अन्त्य नभएको | • सम्पत्तीमा समान हकको व्यवस्था गरिने<br>• बाल विवाह, छुवाछुत तथा महिला हिंसाको अन्त्यका लागि नीतिगत व्यवस्था गरिने<br>• उद्यमशिलता उन्मुख शिक्षाको नीतिगत व्यवस्था गरिने<br>• विपन्न बालबालिका तथा अपाङ्गता भएका व्यक्तिलाई आत्म निर्भर बनाउने नीति लिईने,<br>• बृद्धबृद्धा संरक्षणका लागि नीतिगन व्यवस्था गरिने |
| युवा तथा खेलकुद | • चौर तथा कवडहलको व्यवस्था | • खेल मैदानको व्यवस्थित | • खेलकुदको विकास तथा |

| | | | |
|---|---|---|---|
| | भएको,<br>● पालिका स्तरीय खेलाडी भएको | प्रयोग, प्रशिक्षण तथा तालिमको अभाव | प्रवर्द्धनका लागि भौतिक संरचना, तालिम तथा नीतिगत व्यवस्था गरिने |

## वन, वातारण तथा जैविक विविधता

प्राकृतिक सम्पदा तथा जैविक विविधताका हिसावले मल्लरानी गाउँपालिका सम्बृद्ध गाउँपालिकाको रुपमा चिनिन्छ । कुल क्षेत्रफलको करीव २६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको यस पालिकामा ३९ भन्दा वढी सामुदायिक वन छन् । जलाधारको राम्रो अवस्था भएकाले प्राकृतिक स्रोत साधनको फैलावट पनि आशालाग्दो छ । त्यसैगरी विपद् व्यवस्थापनकालागि गाउँपालिकाले सम्बन्धित सरोकारवाला निकायसँगको सहकार्यमा आवश्यक पूर्वाधारको व्यवस्था पनि गरेको छ । अद्यपि प्राकृतिक सम्पदाको दीगो उपयोग गाउँपालिकाकालागि समस्याको रुपमा हरेको देखिन्छ । वन, वातावरण, जैविक विविधता तथा विपद् व्यवस्थापन समितिले यस सन्दर्भमा तयार पारेको रणनीतिक योजना तल प्रस्तुत गरिएको छ ।

### वन र जैविक विविधता

| सम्भावना | समस्या | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - गाउँपालिकाको कुल क्षेत्रफलको २६ प्रतिशत भूभाग वन क्षेत्रले ढाकेको<br>- ३९ वटा सामुदायिक वन तथा २ वटा निजी वन रहेको<br>- गैर काष्ठ वन पैदावर पर्याप्त रहेको<br>- स्थानीयस्तरमा सामान्य खालको वन नर्सरी रहेको<br>- विभिन्न प्रजातिका जटीबुटी तथा रुख विरुवाहरु उपलब्ध भएको<br>- बाँझो रहेका आवादी जग्गा रहेको<br>- वन उपभोक्ता समितिहरु क्रियाशील रहेको | - जैविक विविधता तथा वन संरक्षणमा कमी<br>- व्यवस्थित पशुपालनको कमी ( खुला चरिचरण<br>- सार्वजनिक जग्गाको संरक्षणमा कमी<br>- लोपउन्मुख जीवजन्तु तथा पशुपन्छी तथा जनावरको प्राकृतिक वासस्थानको कमी<br>- वन क्षेत्रको विस्तारमा कमी<br>- वन पैदावारको दिगो उपयोगमा कमी<br>- वन क्षेत्रको लेखा प्रणाली व्यवस्थापनमा कमी<br>- वन पर्यटनको विकास तथा व्यवस्थापनमा कमी | - वन जगंल संरक्षण गर्न वन उपभोक्ता समितिलाई कृयाशील गराउने<br>- नियमित वृक्षारोपण र वनको संरक्षणलाई व्यवस्थित गर्ने<br>- जग्गा यकिन गरी वन अतिक्रमित रोक्ने<br>- बहुउपयोगी जातजातिको बिरुवाको लागि नर्सरी स्थापना गर्ने<br>- जोखिम क्षेत्र पहिचान गरी घेराबार एवं संरक्षण गर्ने<br>- सम्बन्धित विज्ञबाट पहिचान गराई जडिबुटिको व्यवसायिक खेती गर्ने<br>- जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने<br>- उपभोक्ता समितिका पदाधिकारीहरूको लागि क्षमता विकास, लेखा व्यवस्थापन तालिम सञ्चालन गर्ने<br>- उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने |

### भूमि तथा जलाधार संरक्षण

| सम्भावना, अवसर | समस्या, चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - मध्य पहाडीदेखि लेकाली भूभाग रहेको<br>- वन क्षेत्रको उपलब्धता तथा संरक्षणका लागि सामुदायिक वन व्यवस्थापन कार्यान्वयनमा रहेको<br>- साना ४ र १ ठूलो नदि रहेको | - जलउत्पन्न प्रकोप तथा भूक्षयमा नियन्त्रणमा कमी<br>- सार्वजनिक भूमिको लगतको कमी<br>- भूमि तथा जलाधार संरक्षण संम्बन्धी नीतिगत व्यवस्थाको कमी<br>- जैविक विविधताको संरक्षण ( चराचुरुंगी र जीवहरूको उचित संरक्षण नभएको)<br>- पानीको मुहानहरु सुक्दै गएको | - नदी, जलाधार क्षेत्र तथा भूमिको विस्तृत वस्तुस्थिति विवरण तयारी गर्ने<br>- पहिरो तथा सम्वेदनशील क्षेत्रको पहिचान गर्ने<br>- जैविक विविधताको संरक्षणका लागि ठोस कार्यक्रम सञ्चालनगर्ने<br>- नदी नियन्त्रण तथा मर्मत सम्भार (बायो इञ्जिनियरको कार्य) सञ्चालन गर्ने<br>- आकाशे पोखरीको निमार्ण गरी पानीको रिचार्ज कार्य गर्ने |

**वातावरण तथा स्वच्छता**

| सम्भावना | समस्या | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको<br>- वन, जैविक विविधतायुक्त प्राकृतिक स्वच्छ वातावरण रहेको<br>- २६ प्रतिशत क्षेत्र वनले ढाकेको<br>- ९५ प्रतिशत घरधुरीमा शौचालय<br>- जैविक उर्जाको प्रयोग बढ्दै गैरहको | - जीवजन्तु तथा किटपतंगहरुको वासस्थानमा कमी<br>- फोहर व्यवस्थापनको कमी<br>- प्लास्टिक र शिसा जन्यफोहरको नियन्त्रण र व्यवस्थापनमा कमी<br>- बजार क्षेत्रमा फोहर मैला व्यवस्थापनको कमी<br>- पूर्वाधार निर्माणमा वातावरणीय सवालको उठानमा कमी<br>- वन विनासको रोकथाम र दिगो उपयोगमा कमी<br>- जनचेतनाको कमी | - जीवजन्तु तथा किटपतंगहरुको वासस्थान पहिचान एवं संरक्षण गर्ने<br>- बजार केन्द्रहरूमा सार्वजनिक शौचालयहरूको व्यवस्था गर्ने<br>- विद्यालय तथा सरकारी कार्यालय हातामा नियमित सरसफाइको व्यवस्था गर्ने<br>- जनचेतना कार्यक्रम, फोहोर वर्गीकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना तर्जुमा गरी लागू गर्ने<br>- सुधारिएको चुल्होलगायत वैकल्पिक ऊर्जाका प्रविधिहरू प्रवर्द्धन गर्ने, सौर्यबत्ती विस्तार गर्ने<br>- प्लाष्टिक झोलामुक्त गाउँपालिका निर्माण गर्ने |

**विपद**

| सम्भावना, अवसर | समस्या, चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - सूचना प्रणाली रहेको<br>- एम्बुलेन्स एवं स्वास्थ्य संस्था रहेको<br>- प्रहरी चौकी रहेको<br>- पर्याप्त खुला क्षेत्र भएको<br>- विपद् पूर्वतयारीका लागि प्रतिकार्य योजना रहेको<br>- विपद् पूर्वतयारीमा काम गर्न सक्ने जनशक्ति रहेको<br>- विपद् व्यवस्थापनको चेतना विस्तार भएको<br>- | - विपद् व्यवस्थापनसम्बन्धी ज्ञान, सीपको कमी<br>- भूकम्प प्रतिरोधी घर निर्माणको अभ्यासमा कमी<br>- स्वास्थ्य संस्थाको संख्या तथा तिनमा उपकरण तथा पूर्वाधारको कमी<br>- विपद् व्यवस्थापनलाई मुलप्रवाहिकारमा कमी<br>- उद्दारकार्यमा खटने जनसक्तिको कमी<br>- सबै वडामा एम्बुलेन्सको उपलब्धता र पहुँचको कमी<br>- आकस्मिक आश्रयस्थलको कमी<br>- जलउत्पन्न प्रकोपबाट हुने क्षतिको न्युनिकरणमा कमी<br>- भूमिको अव्यवस्थित र वैज्ञानिक उपयोगका कमी<br>- जंगली जनावरको आतंक नियन्त्रणमा कमी<br>- आपतकालीन पूर्वतयारीको कमी | - विपद् पूर्वतयारी, न्यूनीकरण, आकस्मिक उद्दार, राहतलगायत विपद् व्यवस्थापनका सबै आयाम समेट्ने गरी विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।<br>- विपद जोखिमबाट बच्ने उपायको अभ्यास लगायत झटपट झोला प्रयोगको तालिम गर्ने<br>- गाउँपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने<br>- भवन आचार संहिता कार्यान्वयनमा ल्याउने, भवनलाई भूकम्प प्रतिरोधी बनाउने<br>- हरेक बस्ती पिच्छे खुला क्षेत्र तथा सुरक्षित आवास गृहको निर्माण गर्ने<br>- नदी किनारामा तारजाली तथा बायोइन्जिनियरिङ विधिबाट तटबन्धन गर्ने<br>- भूउपयोग नीति र योजना कार्यान्वयन गर्ने<br>- जोखिमयुक्त क्षेत्र संरक्षण गर्न विस्तृत अध्ययन प्रतिवेदनका आधारमा कार्ययोजना ल्याई कार्यान्वयन गर्ने<br>- सडक निर्माण गर्दा भूगोल र वातावरणीय सर्भेक्षण गरी मापदण्ड पूरा गरेर मात्र निर्माण गर्ने<br>- जंगली जनावरको आतंक नियन्त्रणका लागि वन कार्यालयसँग समन्वय गर्ने<br>- आगलागी नियन्त्रणका लागि कृत्रिम अभ्यासहरू सञ्चालन गर्ने |

## पूर्वाधार विकास समिति

भौतिक पूर्वाधारको उपलब्धता तथा पर्याप्तताका दृष्टिकोणले गाउँपालिकामा निर्माण भएका पूर्वाधारहरुलाई सन्तोषजनक रुपमा लिन सकिन्छ जसले पालिकाको विकासको सम्भावनालाई अघि बढाउन साधनको भूमिका खल्न सक्छ तथापि निर्माण भएका संरचनाको दीगोपना तथा व्यवस्थापन चुनौतीपूर्ण देखिन्छ । पूर्वाधार विकास समितिको छलफलले तयार पारेको सम्भावना, समस्या तथा सम्भावना उपयोगका रणनीतिक बाटोलाई साध्यको रुपमा प्रयोग गर्न सकिन्छ ।

| विषय उपक्षेत्र | सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|---|
| सडक, पुल तथा यातायात | ✓ पक्की सडक १९.५ किमि<br>✓ ग्राभेल सडक २ किमि<br>✓ कच्ची सडक १९४ किमि<br>✓ पक्की पुल १ वटा र झोलुङ्गे पुल ४ वटा | ✓ वर्षातको समयमा अधिकांश कच्ची सडकहरु बन्द रहनु<br>✓ निर्मित कच्ची सडकहरुमा नाली नहनु<br>✓ सडक छेउमा यात्रु प्रतिक्षालयको अभाव<br>✓ अत्यावश्यक ठाउँहरुमा पुल तथा झोलुङ्गे पुलको कमी<br>✓ सडकहरु मापदण्ड अनुसार निर्माण नहनु | ✓ कच्ची सडकहरुमा नाली निर्माण गर्ने<br>✓ सडक निर्माणका लागि मापदण्ड तयार गरी लागू गर्ने<br>✓ अत्यावश्यक ७ वटा पक्की पुल र ७ वटा झोलुङ्गे पुलको निर्माण गर्ने<br>✓ |
| आवास, वस्ती विकास | ✓ गाउँपालिका केन्द्र सदरमुकाममा नै अवस्थित रहेको | ✓ एकीकृत वस्ती विकास कार्यक्रम संचालनमा नरहेको | ✓ एकिकृत वस्ती विकाका लागि समेत भू उपयोग योजना तयार गरी |

| विषय उपक्षेत्र | सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|---|
| तथा सार्वजनिक निर्माण | ✓ सार्वजनिक निर्माणका कार्यहरु तीव्र हुँदै गैरहेको | ✓ वस्तीहरुमा बनेका निजी भवनहरु मापदण्ड अनुसार नबनेको<br>✓ गाउँपालिकाको आफ्नो छुट्टै प्रशासनिक भवन नभएको<br>✓ वडा नं. ३ र ४ का कार्यालय रहेको भवन मापदण्ड बमोजिम निर्माण नभएको<br>✓ बाँकी वडा कार्यालयहरुको पनि आफ्ना् भवन नभएको | कार्यान्वयन गर्ने<br>✓ जोखीममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा सार्ने<br>✓ माटो जडान गरी निर्माण गरिने घरहरुलाई समेत भूकम्प प्रतिरोधात्मक बनाउन प्रोत्साहन गर्ने |
| सिंचाई पूर्वाधार | ✓ सिंचाईका लागि श्रोतहरु पर्याप्त रहेका<br>✓ साना ठूला गरी ८२ वटा सिंचाई योजनाहरु संचालनमा रहेका | ✓ अधिकांश सिंचाइ कूलोहरु कच्ची र जोखीमयुक्त रहेका<br>✓ खेतीयोग्य जमीनमा अझैपनि कूलोहरुको आवश्यकता रहेको | ✓ जनसहभागितामा आधारित सिंचाई कूलोहरुको निर्माण गर्ने |
| विद्युत तथा बैकल्पिक उर्जा | ✓ करीव ९० प्रतिशत घरपरिवारमा विद्युत सेवा विस्तार भएको<br>✓ लघु जलविद्युतका लागि खोला नालाहरु रहेको | ✓ उद्योग कारखाना सञ्चालनगर्न सकिने गरी आवश्यक भोल्टेजमा समस्या<br>✓ विद्युत आपूर्ति अनियमित रहनु | ✓ विद्युत सेवा नपुगेका वस्तीहरुमा विद्युतीकरण गर्ने<br>✓ आवश्यक भोल्टेजका लागि पैरवी गर्ने<br>✓ लघु जलविद्युतको निर्माण गर्ने |
| सूचना तथा संचार प्रविधि | ✓ टेलिकमका टावरहरुको निर्माण भएको<br>✓ | ✓ आवश्यक नेटवर्कको समस्या रहेको<br>✓ टावरको क्षमता विकास नभएको<br>✓ गुणस्तरीय सूचना प्रविधिको विकास नभएको | ✓ नेटवर्क समस्या समाधानका लागि पैरवी गर्ने<br>✓ गाउँपालिका तथा वडा कार्यालयहरुमा न्यूनतम सूचना प्रविधिको विकास गर्ने<br>✓ सूचना प्रविधिको पहुँच गाउँस्तरसम्म विस्तार गर्ने |

## संस्थागत विकास समिति

संस्थागत विकासले गाउँपालिकाको समग्र संरचनात्मक, भौतिक, प्राविधिक, तथा जनशक्ति व्यवस्थापनको दीर्घकालिन खाका मात्र कोर्दैन यसले व्यवस्थित तथा दीगो विकासलाई मार्ग प्रसस्त गर्छ । शासकीय पद्धतिलाई चुस्त र विधिसम्मत बनाउन गाउँपालिकाले आवस्यक कानूनको निर्माण र जवाफदेहिता तथा पारदर्शिताको प्रत्याभूति गराउन ठोस कदम चालेको छ जसले संस्थागत विकासका संभावनाहरुको ढोका खोलिदिएको छ । तथापि दक्ष तथा विषय विशेषज्ञ जनशक्तिको अभाव, अर्थपूर्ण सहभागिताको अभाव, प्राविधिक ज्ञानको अभाव जस्ता चुनौतीहरुको सामना पालिकाले गर्दै आएको संस्थागत विकास समितिका सदस्यहरुले छलफलका क्रममा अघि सारेका थिए भने ती चुनौती समाधानका रणनीतिक योजनाहरु प्रस्तुत गरिएको थियो जुन तल प्रस्तुत गरिएको छ ।

| स्थानीय अधिकार क्षेत्र | संभावना अवसर | समस्या चुनौति | रणनीति |
|---|---|---|---|
| सुशासन ऐन, कानुन तर्जुमा तथा जवाफदेहिता | • आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न वनेको ऐन<br>• सहकारी ऐन<br>• कृषि व्यवसाय प्रवर्द्धन ऐन<br>• वजार अनुगमन निर्देशिका<br>• एफ एम रेडियो कार्यविधि<br>• कार्यपालिका कार्यविभाजन नियमावली<br>• कार्यपालिका कार्यसम्पादन नियमावली<br>• कार्यपालिका वैठक सञ्चालनकार्यविधि<br>• गाँउसभा सञ्चालनकार्यविधि<br>• आयोजना सञ्चालनकार्यविधि | • शिक्षा ऐन<br>• स्वास्थ्य ऐन<br>• अध्यक्ष विशेष कार्यक्रम कार्यविधि<br>• गरिबी निवारणकोष सम्वन्धी कार्यविधि<br>• मदिरा व्यवस्थापन कार्यविधि<br>• महिला, वालवालिका, युवा, खेलकूद जेष्ठ नागरिक, फरक क्षमता, दलित, पिछडिएका समुदायको लागि कार्यविधि नभएको<br>• आदिवासी, जनजाति<br>• सरसफाइ सम्वन्धी कार्यविधि | • शिक्षा, स्वास्थ्य ऐन निर्माण/ लागु<br>• चारवाट कार्यविधि वनाई लागु गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| | • करार प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि<br>• अनुगमन मूल्यांकन कार्यविधि ( प्रकाशन/ छपाई भएको)<br>• विपद व्यवस्थापन ऐन<br>• वालगृह व्यवस्थापन कार्यविधि<br>• प्रशासकीय कार्यविधि ऐन<br>• न्याय सम्पादन कार्यविधि ऐन<br>• सेफ हाउस सञ्चालनकार्यविधि<br>• स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि<br>• "घ" वर्गको निर्माण व्यवसायीको इजाजात पत्र सम्वन्धी कार्यविधि<br>• मल्लारानी गाँउपालिका पदाधिकारी आचार संहिता<br>• कर्मचारी छनौट कार्यविधि<br>• व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका<br>• अपाङ्ग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि | • कार्यालय प्रशासन भवन<br>• संस्थाहरुको सामाजिक परीक्षण | |
| जवाफदेहिता | • सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, आन्तरिक, लेखापरीक्षण, प्रकाशन, प्रसारण, सुझाव पेटीका, गुनासो सुन्ने अधिकारी, नागरिक वडापत्र, सुचना पाटी भएको | • सार्वजनिक सुनुवाई सवै वासिन्दाहरुको सक्रिय सहभागिता छैन | • सचेतनामुलक कार्यक्रम सूचना प्रवाह गरी अभिप्रेरित गर्ने |
| | औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | १८० | ५० | २० | | |
| | गैसस, अगैसस, विकास विकासबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | रु. | २५०० | ३००० | ३५०० | | |
| | समुदायको लगानी तथा योगदान रकम (हजारमा) | रु. | ३००० | ३३०० | ४००० | | |
| | निजी क्षेत्रको लगानी (हजारमा) | रु | १० | १०० | ४०० | | |
| प्रतिफल ५.५ योजना तर्जुमा तथा कार्यवन्यन लक्षितवर्गका उपभोक्ता समूहको अर्थपूर्ण सहभागिता हुने छ। | खण्डीकृत विषयगत तथा श्रोतनक्शासहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | नभएको | | हुने | • गाउँपालिका वस्तुगत विवरण(प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति/अनुगमन प्रतिवेदन | |
| | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | 0 | 11 | 15 | | |
| | तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | क्षेत्र | | | | | |
| | बार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | | | | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | १०० | १०० | १०० | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ९० | ९३ | ९५ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | ३ | ५ | ६ | | |
| | गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ४ | ५ | ६ | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | संख्या | ४ | ७ | ९ | | |

## ४.५ नीति तथा कार्यनीति

गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, लक्ष तथा बिषयगत उद्देश्यलाई मुर्तरुप दिन तयार पारिएको परिसुचकहरुलाई तोकिएको समयसिमा भित्र प्राप्त गर्न गाउँपालिकाले क्षेत्रगत नीति तथा कार्यनीतिहरुको आधार निर्माण गर्नुपर्ने हुन्छ । तसर्थ प्रस्तुत खण्डमा माथि उल्लेखित क्षेत्रगत असर र प्रतिफललाई निश्चित अवधीभित्र पुरा गर्न अवलम्बन गर्नुपर्ने नीतिगत बिषयवस्तुलाई समेटिएको छ ।

**असर १ (आर्थिक विकास) सँग सम्बन्धित**

**प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)**

- प्राङ्गरिक कृषि प्रणालीलाई रणनीतिक रुपमा विकास गरिने छ ।
- कृषि उत्पादकत्व बृद्धिकालागि पकेट क्षेत्रको विकास गरिने छ । त्यसकालागि गाउँपालिकाका उच्चतम प्रतिफल दिने कृषि उपजको सम्भाव्यता अध्ययन गरिने छ ।
- खाधान्न बाली बिउ उत्पादन कार्यक्रम पकेटको रुपमा सचालन गरि मल्लरानी गाउपालिकालाई बिउमा आत्मनिर्भर बनाइने छ ।
- साना कृषि मशिनरी यन्त्र (मिनिटिलर /थ्रेसर /कर्नसेलर) बितरणमा ५०% सम्म अनुदान दिइने छ ।
- माटोको अबस्था सुधारकालागि माटो शिबिर सञ्चालन तथा जनचेतनामुलक नमुना संकलन तालिम सञ्चालन गरिने छ ।
- कृषकहरुलाई आबश्यकताका आधारमा सिप अभिबृद्धिकालागि गाउँपालिका स्तरीय सिप मुलक तालिम सञ्चालन गरिने छ ।
- भकारो सुधार कार्यक्रम संचालनकालागि अनुदान दिईने छ ।
- कृषि बजारलाई ब्यबस्थित गर्न हाट बजार ब्यबस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि (तरकारी,/फलफुल) सङ्कलन केन्द्र स्थापना गरिने छ ।
- तरकारी, फलफुल प्रसोधन तालिम सञ्चालन गरिने छ ।
- कृषि बिउ भण्डारण तथा बजारिकरणकालागि ५०% अनुदानमा (सिडबिन,सुपरग्रीन ब्याग,त्रिपाल,डिजिटल तराजु र क्यारेट) बितरण गरिने छ ।
- कृषि क्षेत्रमा रायानिक बिषादी प्रयोगलाई न्युनिकरण र जैबिक बिषादी प्रयोग ग्राहयता दिईने छ ।
- कृषि बिमा, आकस्मिक सेबा,कृषि शिबिर कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि क्षेत्रमा उत्कृष्ट कृषि कार्य गर्ने कृषकहरुलाई पुरस्कारको ब्यबस्था मिलाइने छ ।
- कृषि क्षेत्रको व्यवसायिकरण, यान्त्रिकीकरण तथा वजारीकरणलाई सहकारी मार्फत प्रोत्साहन गर्न आवश्यक नीति निर्माण गरिने छ ।

**प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)**

- साना सिचाई, कुलो निर्माण तथा मर्मत, पक्कि पोखरी, प्लाष्टिक पोखरी निर्माणकालागि अनुदान उपलब्ध गराईने छ ।
- सिचाईको असुबिधा भएको ठाउँमा घैटे ट्यांकी निर्माण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने छ
- ब्यबसायिक कृषकहरुलाई प्लाष्टिक टनेल,थोपा सिचाई, इन्सेक्ट नेट ,मल्चिङ्ग प्लाष्टिक बितरणमा ७५% सम्म अनुदानमा उपलब्ध गराइने छ ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपालन)**

- यस गाउँपालिका भित्र रहेका पशु सेवा कार्यक्रमलाई व्यवस्थित रुपमा अघि बढाईने छ, ।
- व्यवसायिक पशुपालनका लागि पकेट क्षेत्रको विकास गरिने छ, ।

- भूउपयोग नीतिमार्फत व्यवस्थित चरनक्षेत्र तथा घाँसे मैदानको व्यवस्था गरिने छ, ।
- पशु बिमा कार्यक्रम तथा भेटनरीको व्यवस्था गरिने छ ।

**प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन)**

- औद्योगिक क्षेत्रको स्थापना गरी ठूला तथा साना उद्योगको स्थापनामा प्रोत्साहन गरिने छ ।
- परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गरिने छ ।
- व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।
- साप्ताहिक हाट बजारको संख्या तथा स्तरमा बृद्धि तथा व्यवस्थापन गरिने छ ।
- व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि युवा लक्षित आवश्यक क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं सञ्चालनलाई प्राथमिकता र प्रश्रय दिइनेछ ।
- स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिनेछ ।

**प्रतिफल १.४ सँग सम्बन्धित (पर्यटन)**

- स्थानीय धार्मिक पर्यटकीयस्थलहरूको संरक्षण, सेवा तथा सुविधा विकास र विस्तार गरी पर्यटन विकास र प्रवर्द्धन गरिनेछ ।
- पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निर्माण गरिनेछ ।
- पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर पालिका प्रदेश र संघसँग पहल गरिने छ ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

- वित्तीय सुविधामा देखिएको दोहोरोपन हटाउन सहकारी ऐनको तथा विनियमको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- वित्तीय तथा सहकारी ऐनलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गरिने छ ।
- सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाको व्यवस्था गरिने छ ।
- कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण गरिने छ ।
- बचत प्रोत्साहन, उत्पादनमुलक क्षेत्रमा लगानी बृद्धिका लागि छलफल तथा जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- वित्तीय साक्षरताका कार्यक्रम जनस्तरसम्म सञ्चालन गरिने छ ।
- सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिनेछ ।

**असर २ संग सम्वन्धित (सामाजिक विकास)**

**प्रतिफल २.१ सँग सम्बन्धित (शिक्षा)**

- गाउँपालिका अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गरिने छ ।
- मल्लरानी गाउँपालिकामा कार्यरत सबै जनप्रतिनिधि, कर्मचारी शिक्षक, विद्यालय कर्मचारी वालविकास स.का र विद्यालय व्यवस्थापन समितिका सदस्यका छोराछोरीहरुलाई सामुदायिक विधालयमा भर्ना गराउन अभिप्रेरीत गरिनेछ ।
- सबै विधालयमा डिजिटल हाँजिरीको व्यवस्था गरिनेछ ।
- मल्लरानी गाउपालिका भित्र कार्यरत शिक्षिकाहरु सुत्केरी भएमा सुत्केरी स्याहार भत्ताको व्यवस्था गरिने छ ।

- विद्यालयहरुमा सुचना र प्रविधिमा जोड दिइने छ ।
- गाउँपालिकामा प्राविधिक कलेजको व्यवस्था गरिने छ ।
- संघ र प्रदेशवाट विद्यालयलाई प्राप्त अनुदान वाहेक गाउँपालिकाबाट २० प्रतिशत वजेट विनियोजन गरिनेछ ।
- विद्यालयमा भौतिक तथा प्राविधिक पुर्वाधारको विकास गरिने छ ।
- स्थानीय आवश्यकता सुहाउदो शिक्षा ऐन, नियमावली र कार्यविधि वनाई त्यसको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ ।
- अनुगमन नियमन तथा पृष्ठपोषणको प्रभावकारीतामा अभिबृद्धि ल्याईने छ ।
- जेहन्दार, असाय, विपन्न र अपाङ्ग विद्यार्थीलाई प्रोत्साहन गरिनेछ ।
- मल्लरानी गाउपालिकाका सवै शिक्षक, विद्यालय कर्मचारीहरुको पोशाकमा एकरुपता ल्याइने छ ।
- सवै विद्यालयहरुमा शुद्ध खानेपानीको व्यबस्था गरिने छ ।
- विद्यालयमा पुस्तकालय व्यवस्थित गर्नका लागि एक जना पुस्तकालय सहायकको व्यवस्था गरीने छ ।
- विद्यालयको कार्यालय व्यवस्थापनमा जोड दिइने छ ।
- कक्षा ६ देखि सहकारी सस्था मार्फत विद्यार्थीहरुवाट वचत गर्ने नीति लिइनेछ ।
- विद्यालय अनुगमनमा वडास्तरीय समितिलाई सक्रिय वनाउने नीति लिइनेछ ।
- "एक विद्यालय एक पुष्प उद्यान" कार्यक्रम लागु गरिने छ ।
- विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका वालवालिकाहरुको तथ्यांक संकलन गरी सरोकारवालाहरुको सहभागितामा सबै वालवालिकाहरुलाई विद्यालय भर्ना गराईनेछ ।
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्न एकमुष्ट अनुदान रकम उपलव्ध गराईने छ ।
- विद्यालय सुधार योजना अद्यावधिक गरी योजनालाई विद्यालयको सेवा प्रवाहसँग जोड्दै सामाजिक परीक्षण र आर्थिक लेखा परीक्षणलाई प्रभावकारी वनाईनेछ ।
- शिक्षण सिकाईमा सुधार ल्याउन शिक्षकहरुलाई मागमा आधारित तालिम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रजी माध्यमबाट पठनपाठन गराइने छ ।
- सुस्त मन्दस्थिती, दृष्टिविहिन, अपागं तथा असहाय बाल बालिकाहरुकालागि छुट्टै विद्यालयको स्थापना गरी पठनपाठन सञ्चालन गरिनेछ ।
- अपागं तथा असहाय बालबालिकाहरुका लागि छुट्टै किसिमका छात्रवृत्तिको व्यवस्था गर्ने छ ।

**प्रतिफल २.२ सँग सम्बन्धित (स्वास्थ्य)**

- खोप कार्यक्रमलाई व्यवस्थित, नियमित र दीगो बनाइनेछ ।
- मातृ तथा नवजात शिशु मृत्यू दर घटाउन बर्थिङ्ग सेन्टर स्थापना गरिने छ ।
- ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण स्वास्थ्य स्थिति सुधारका लागि  दातृ निकाय साझेदारीमा पोषण प्रबर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुकालागि आधारभुत तथा रिफ्रेसर तालिमको व्यवस्था गरिनुका साथै स्थानीय स्वास्थ्य सेवा प्रर्वद्धनात्मक र प्रतिकारात्मक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नकालागि क्षमता अभिबृद्धि गरि प्रोत्साहन गरिनेछ ।
- विद्यालय केन्द्रित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रसुती सेवालाई प्रभावकारी तथा जनमैत्री बनाउन नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम लागु गरिने छ ।
- परिवार नियोजन सेवा कार्यक्रमलाई नीतिगत रुपमा व्यवस्थित बनाईने छ ।
- स्वास्थ्य सेवाको पहुँच बस्तीस्तरसम्म पु-याउन गाँउघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै लगिने छ ।
- क्षयरोग संक्रमण दर न्युनिकरण गर्दै क्षयरोग मुक्त गाँउपालिका बनाउनकालागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- कुष्ठरोग जाँच तथा उपचार सेवा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- एच.आई.भि/एड्स तथा यौनरोग सम्वन्धि रोकथाम तथा सचेतना मुलक विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- मल्लरानी गाँउपालीकाबाट विपद व्यवस्थापन गर्न प्राथमिक तथा प्रारम्भिक उपचारकालागि प्रत्येक स्वास्थ्य संस्थामा किट बक्सको ब्यवस्थापन गरिने छ ।
- किशोर किशोरी कार्यक्रम मार्फत स्वास्थ्य संस्था तथा विद्यालयहरुमा  प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय छापा तथा विद्युतिय संचारका माध्यममार्फत सन्देश मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नेपाल सरकारबाट प्रवाह गरिएका आधारभुत निशुल्क स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा सुचना प्रबिधिलाई व्यवस्थित गरिने छ ।
- आवश्यक्ताका आधारमा घुम्ती स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।
- स्वास्थ्य चौकीहरुमा शुसासन कायम गर्न बिद्युतिय हाजिरीको ब्यवस्थापन गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविका दीर्घ सेवा सम्मानको ब्यवस्थापन गरिने छ ।
- आम नागरिकमा स्वास्थ्य बिमा कार्यक्रमको पहुँच पुर्‍याईने छ ।
- कुनै १ स्वास्थ्य संस्थालाई सम्भाब्यता अध्ययन गरि नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र खलंगालाई अस्पतालमा स्तरोन्नतीको लागि पहल गरिने छ ।
- सामुदायिक स्वास्थ्य केन्द्र निसान टाकुरालाई बर्थिङ्ग सेन्टर सञ्चालन गर्न आवश्यक आवश्यक पुर्वाधार तयार गरि प्रकृया अगाडी बढाईने छ ।
- आधारभूत स्वास्थ्य सेवालाई पहुँचयोग्य बनाउदै स्वास्थ्य विमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।

**आयुर्वेद तर्फ**

- विभिन्न नयाँ तथा पुराना रोगहरुको आयुर्वेद चिकित्सा पद्धतीद्धारा गरिने उपचारलाई निरन्तरता दिइने छ ।
- जेष्ठनागरिकहरुको लागि रसायन औषधिको वितरणलाई निरन्तरता दिईने छ ।
- आमा तथा नवजात शिशुको रक्षार्थ सत्केरी महिलाहरुको लागि दुग्धवर्धक औषधि वितरणलाई निरन्तरता दिईने छ ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत आयुर्वेदको बारेमा मल्लरानी गा.पा. का सवै मा.वि.हरुमा जनचेतना अभिवृदी गरिने छ ।
- गाँउघर /शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमलाई सवै वडाहरुमा सञ्चालन गरिने छ ।
- औषधिजन्य स्थानीय जडिवुटीहरुको पहिचान र उपयोग सम्वन्धि स्थानीय जनताहरुलाई परिचयात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- निःशुल्क आयुर्वेद शिविर सञ्चालन गरिने छ ।
- जडिवुटी उद्द्यायनको निमार्ण गरिने छ ।
- स्थानीय रुपमा उपलब्ध हुन सक्ने औषधि उपयोगी जडिवुटीहरुको संरक्षण, सम्वर्धन र व्यावस्थापनका माध्यमबाट आय आर्जनको बृद्धि गरिने ।
- राष्ट्रिय, अन्तराष्ट्रिय योग दिवस, राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती ,स्वास्थ्य सेवा दिवस जस्ता विभिन्न दिवसको माध्यमद्धारा योग र आयुर्वेद चिकित्सा पद्धतिको विकासमा जोड दिइने छ ।
- आयुर्वेद चिकित्सा सेवालाई सहजै जनताको पहुचमा पुर्‍याउन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई जनताको पायक पर्ने स्थानमा व्यवास्थापन गरिने छ ।
- यस मल्लरानी गाँउपालीका अन्तरगतका स्वास्थ्य संस्थाहरु सञ्चालन तथा व्यवस्थापन सम्वन्धि विभिन्न किसिमका क्रियाकलापहरु सञ्चालनगरी जनताहरुलाई  स्वास्थ्य सेवाको पहुचमा अभिवृद्धि गरिने छ ।

**प्रतिफल २.३ संग सम्वन्धित (खानेपानी तथा सरसफाई)**

- खुला दिशामुक्त भइसकेको यस क्षेत्रमा पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरीने छ ।
- पुर्ण सरसफाई सम्वन्धी रणनीतिक योजना निर्माण गरी कार्य क्रमिक रुपमा सञ्चालन गर्न विशेष पहल गरिनेछ ।
- खलंगाबजार चौरपानी चुजाँ क्षेत्र र सरङ्गकोटमा रहेको पिउने पानीको अभावलाई सम्बोधन गर्न लिफ्ट प्रणाली, घैटो पानी संकलन प्रणाली वा अन्य श्रोतको पहिचान गरी प्राथमिकताका आधारमा योजनाहरु कार्यान्वयन गरीने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणा गर्न आवस्यक पहल गरिनेछ ।
- फोहर उत्सर्जन कर्ताले नै फोहरको उचित व्यस्थापन गर्नु पर्दछ भन्ने भावनाको विकास गरि फोहर उत्सर्जनलाई न्यूनीकरण गर्ने तर्फ ध्यान दिइनेछ ।
- मल्लरानी गाउपालिकाको बजार क्षेत्रका साथै बाक्लो बस्ति भएका ग्रामिण समुदायमा समेत फोहोर
- व्यवस्थापनको लागी स्थायी ल्यान्डफिल्ड साइडको खोजी गरिने छ ।
- मल्लरानी गाउपालिका क्षेत्र भित्र जथाभावी सडक अवरोध हुने गरि टहरा निर्माण,पशु चौपाय तथा निर्माण सामग्री लगायत राख्नेलाई कानुन बमोजिम दण्डीत गर्न आवश्यक कानून बनाईने छ ।
- प्लास्टिक झोला र थैलाहरुको उपयोगलाई निरुत्साहित गर्ने र उपयोग भैसकेका झोला थैलाको उचित बिर्सजन गर्ने ब्यबस्था गरिने छ ।
- वडा तथा टोल स्तरमा नियमित सफाई कार्यक्रम गरिने छ ।
- फोहोरमैला व्यवस्थापन योजना/कार्यविधी तय गरिने छ ।
- ल्यान्डफिल साईट खोजी गरी फोहोरको उचित व्यवस्थापन गरिने छ ।
- योगदानमा आधारित फोहोर व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ ।
- स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तन वारे कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वच्छ खानेपानीमा सवैको पहुचका लागि बिशेष कार्यक्रम कार्यान्वयन गरिने छ ।
- सरसफाईका लागि ढल व्यवस्थापन तथा डस्टविन विस्तार कार्यक्रम सञ्चालन गरिने छ ।

**प्रतिफल २.४ संग सम्वन्धित (महिला, बालबालिका र लक्षित वर्ग)**

- महिला, बालबालिका तथा अपांग मैत्री संरचनाहरुको निर्माण गर्न नीतिगत व्यवस्था गरिने छ ।
- गाउँपालिकामा वाल अधिकार संरक्षण केन्द्र, वाल गृह, दिवा सेवा केन्द्र, पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरीक क्लव, दिवा सेवा केन्द्र सञ्चालन गरिने छ । असहाय र अशक्तहरुलाई विषेश संरक्षण गर्ने कार्यक्रम ल्याईनेछ ।
- सन् २०२० सम्म वालमैत्री मल्लरानी गाउँपालिका घोषण गर्ने नीती ल्याउनेछ ।
- महिला तथा बालवालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा एकद्वार प्रणालीलाई प्राथमिकता दिईने छ ।
- कार्यक्रमहरु महिला तथा बालवालिका शाखाको समन्वयमा सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिक परिचयपत्र अभियान सञ्चालन गरिने छ ।
- बालवालिका हेरचाह केन्द्रहरु विपन्न र पिछडिएका वर्गहरुको वस्तिमा खोल्न गैर सरकारी संस्थाहरुलाई प्रोत्साहन गरि परिचालन गरिने छ ।
- महिला हिंसा विरुद्धको अभियान जनप्रतिनिधि, गैरसरकारी संस्था, निजी क्षेत्र, विद्यालय, विद्यार्थी, सञ्चार, आमा समूह, महिला समूह जस्ता संघ/संस्था,महिला सहकारी संस्था लगायतका क्षेत्रसंगको समन्वयमा प्रभावकारी बनाईने छ ।
- अपांगता भएकाहरुलाई उपलव्ध गराईने सहायक सामग्री वितरण गर्दा गम्भिर प्रकृतिको अपांगता र जीवनस्तरमा सुधार ल्याउन सक्ने व्यक्तिलाई प्राथमिकता दिईने छ ।
- अपांगता भएका सम्पूर्ण व्यक्तिहरुलाई परिचय पत्र उपलव्ध गराउन पहल गरिने छ ।
- विभिन्न संघ संस्था संस्थासंग समन्वय गरी ज्येष्ठ नागरिक अक्षय केन्द्र सञ्चालन गरिने छ ।

- जेष्ठ नागरिक तथा अपांगहरुको हेरचाहका लागि आवश्यक पूर्वाधार तथा संरक्षक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- वास्तविक भुमिहिन सुकुम्वासीहरुको पहिचान गरि व्यवस्थापन गर्ने ।
- बाल विवाह न्युनिकरण गरिने छ ।
- बालश्रम न्युनिकरण गरिने छ ।
- बाल दुरव्यवहारको अन्त्य गरिने छ ।
- विद्यालय बाहिर रहेका किशोर किशोरीहरुकालागि जिवन उपयोगी सिप र स्वरोजगारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- अति विपन्न वर्गका बालबालिकलाई विद्यालय पोसाक, स्टेश्नरी र झोला उपलब्ध गराइने छ ।

**लैङ्गिक समानता तथा महिला सशक्तिकरण**

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ । यस्ता हिंसामय कार्यको लागि गाउँपालिका स्तरमा समिति निर्माण गरिनेछ ।
- महिलाहरुको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ ।
- महिलाको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।
- असहाय अवस्थामा रहेका एकल महिलालाई योग्यता र क्षमताका आधारमा सीप प्रदान गरि स्वरोजगार वनाई जीविकोपार्जनका लागि उचित व्यवस्था गरिने छ ।
- जोखिम रहेका सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पिडित महिलालाई पुनर्स्थापना, संरक्षण, सशक्तिकरण गरी स्वाबलम्वी वनाउनेछ ।

**अपाङ्गता**

- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिने छ ।
- अपाङ्गता भएको व्यक्तिहरुको क्षमता विकास एवम् उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजाने नीति लिईने छ ।
- अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारी अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीको अवसरहरुलाई सिर्जना गरिने छ ।

**प्रतिफल २.५ संग सम्वन्धित (युवा तथा खेलकुद)**

- चौरपानी खर्कलाई बहुउद्धेशिय खेलमैदान का रुपमा बिकास गरिने छ ।
- खलंगामा रहेको टुडिखेललाई सरोकारवालाहरुसँग सहकार्य गरी कार्यक्रम स्थल, प्रर्दशनिस्थल र खेलकुद मैदानको रुपमा विकास गरिने छ ।
- व्यवासायिक खेलाडी विकासको नीति र कार्यक्रम सञ्चालन गरिने छ ।
- राष्ट्रिय तथा जिल्लास्तरको खेल अयोजना गरिने छ ।
- खेल मैदानको तथा खेलको स्तरोन्नती गरिने छ ।
- महिला खेलाडी प्रवर्द्धन तथा विकासको नीति अवलम्वन गरिने छ ।
- खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने र गाउँपालिका स्तरीय खेल मैदान निर्माणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धी गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिने ।

- युवाहरुलाई जीवन उपयोगी सीप प्रदान गरी स्वरोजगार बनाइने छ ।
- युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराइने छ ।

**प्रतिफल २.६ संग सम्वन्धित (कला संस्कृति)**

- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्विक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- धार्मिक एंव पुरातात्विक महत्वको ग्रामीण क्षेत्रका सम्पदाहरुको सरोकारवालाहरुको समन्वयमा पहिचान गरी त्यसको संरक्षण र जगेर्नामा लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।
- कला संस्कृतिको प्रवर्द्धनका लागि आकास्मिक एवं नियमित किसिमका कार्यक्रमहरु लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- महिला मैत्री , अपाङ्ग मैत्रि , जेष्ठनागरीक मैत्री र सिमान्तकृत समुदाय मैत्री संरचनाहरु निमार्ण र क्रियाकलापलाई जोड दिईने छ ।

**असर ३ (पूर्वाधार विकास) संग सम्वन्धित**

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित)**

- गाउँपालिका स्तरीय तथा वडास्तरीय रिंगरोड निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनकालागि व्यवसायीक रुपमा विकास गरिने छ ।
- भवन निर्माण आचारसंहिता २०७२ कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई कार्यान्वयन गरिने नीति अवलम्वन गरिने छ ।
- न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माण गर्दा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ ।
- गाउँपालिकाको विशिष्ट पहिचान दिने अस्तित्वको पहिचान एंव सांकेतिक समृद्धि झल्किने खालका योजनाहरु निर्माणमा प्राथमिकता दिइनेछ ।
- योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी गरिनेछ ।
- स्वरोजगार उन्मुख पूर्वाधार निर्माणलाई प्राथामिकतामा राखिनेछ ।
- अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- मल्लरानी गाउँपालिकालाई पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- नदि कटान रोक्न तटबन्धन निमार्ण भु -जलाधार संरक्षण र प्रति जग्गामा बृक्षारोपण कार्य गरीने छ ।
- जलबायू अनुकुल योजना निमार्ण गरी जलबायू परिवर्तनले पारेको प्रभाव न्यूनिकरण गर्ने नीति अबलम्वन गरीने छ ।
- उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिने छ ।
- सडक, पुल तथा भवन निर्माण गर्नु पूर्व आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ ।
- यातायात गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक आयोजना निर्माण गरिनेछ ।
- आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १० प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई आयोजना सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदि) विषयमा व्यवस्थित रुपमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ ।

- उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि परिमार्जन गरी सो अनुसार उपभोक्ता समितिद्वारा आयोजना कार्यान्वयन गरिनेछ ।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रुपमा स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- पूर्वाधार तथा संरचना निर्माण आयोजना कार्यान्वयन गर्दा आयोजना मितव्ययी, समुदायको सहभागिता र प्रभावकारिता बृद्धि हुने भएको अवस्थामा मात्र उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिबृद्धि गरिनेछ ।
- टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारु गरिनेछ ।
- पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता बृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक तथा मध्यवर्ती वन उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत समेत कार्यान्वयन गर्ने व्यवस्थापन गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्धीमूलक रोजगारीको श्रृजना नहुने तथा जटिल प्रकृति (मेसिनरी उपकरणको प्रयोग) का पुर्वाधार योजनाहरु ठेक्काको माध्यमवाट कार्यान्वयन गरिनेछ ।
-

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन)**

**व्यवस्थित शहरीकरण :**

- वस्ती विकास योजना तर्जुमा गर्दा खेतीयोग्य जमिन नमासीने, वातावरण प्रदुषण नहुने गरी निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा ग्रामीण क्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत संकलन गरी गाउँपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गरिनेछ । साथै मल्लरानी बस्ती बिकास गुरु योजना निमार्ण गरी कार्यान्वयन गरिने छ ।
- सडक अधिकार क्षेत्र, भवनको मापदण्ड तयार गरी नगरवासीलाई जानकारी दिई सोको परिपालना अभिबृद्धि गरिनेछ ।
- भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि बारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शा पास अनिवार्य गरिनेछ ।
- हरित इन्जिनियरिङका माध्यमबाट जोखिममा रहेका बस्ती, पूर्वाधारहरूको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ ।
- निर्धारित सडक अधिकार क्षेत्र र मापदण्ड अनुसार आवास र भवन निर्माण सम्बन्धी व्यवस्था लागू गरिनेछ ।
- ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापनबारे कानूनी तथा नीतिगत व्यवस्थाकोलागि नेपाल सरकारसँग पैरवी गरिनेछ ।
- निजी क्षेत्रलाई प्रोत्साहन गरी सभाहल तथा कवर्ड हल निर्माण गरिनेछ ।
- सुरक्षित आवास क्षेत्रकोलागि शहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय गरिनेछ ।
- जनता आवास कार्यक्रमको लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्यूत र वैकल्पिक उर्जा)**

- नविकरणीय उर्जाको प्रयोगमा बृद्धी गर्ने नीति अवलम्वन गरिने छ ।
- केन्द्रीय विद्युत लाईन विस्तार लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- गैर सरकारी संस्था र टोल विकास संस्था परिचालन गरी विद्यूत तथा वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार गरिनेछ ।

- स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरी विद्युत चोरी नियन्त्रण गरिनेछ ।
- स्थानीय उपभोक्ता तथा गाउँपालिका बीचको लागत सहभागिताका आधारमा विद्यूत ट्रान्सफर्मर तथा विद्यूत लाईन विस्तार गरिनेछ ।

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित)**

- सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित तथा चुस्त बनाइनेछ ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण, सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरिक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणकालागि स्थानीय मिडियाको परिचालन गरिनेछ ।
- गाउँपालिका कार्यपालिका कार्यालमा एकीकृत सेवा प्रवाहसँगै ऋऋत्ख क्यामेरा जडान तथा सबै वडा कार्यालय, सेवा केन्दहरूमा क्रमशः पनि विस्तार गरिनेछ ।

**असर ४ (वन, वातावरण तथा विपद) संग सम्वन्धित**

**प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता)**

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न द्यष्यभलनष्लभभचष्लन सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ
- नाङ्गा डाँडाहरुमा वृक्षारोपण गर्न सम्वन्धित निकायहरुसँग सहकार्य गरी वृक्षारोपण गरी प्राकृतिक प्रकोप वा जोखिमलाई न्यूनिकरण गर्न सहकार्य गर्ने नीति लिइनेछ ।
- ग्रामीण विकासलाई वातावरणमैत्री वनाउदै लगिनेछ ।
- "एक धर एक करेसा बारी" नीति प्रभावकारी रुपमा कार्यन्वयन गरीने छ ।
- वजार क्षेत्रभित्रका सरकारी एंव गैर सरकारी कार्यालयहरुमा वातावरणमैत्री पर्यावरण निर्माण गर्न सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।
- बन क्षेत्रको उत्पादकत्व बृद्धि गर्न जनसहभागीतामा आधारित बन व्यवस्थापन पद्धति अवलम्वन  गरीने छ ।
- जडिबुटि फलफुल दालचिनि अमला, पाखनबेद, मालागीरि जस्ता बहुउपयोगी बोटबिरुवाहरुलाई बृक्षरोपण कार्यक्रम अर्न्तरगत समाबेश गरीने छ ।
- बाताबरण र भौगलिक हिसाबले अनुपयूक्त स्थानमा डोजर, स्क्याभेटर लगाई भ-ुक्षय र बनबिनास गर्ने कार्य रोकिने छ ।
- सौर्य उर्जा र सूधारीएको चुलो निमार्ण र बिस्तार कार्यलाई अभियानका साथ सञ्चालन गरीने छ ।
- वन उपभोक्ता समितीहरु दर्ता गरी वन व्यवस्थापन र संरक्षणमा सहकार्य गरिने छ ।
- सार्वजानिक जग्गा बाटो छेउ र ऐलानी जग्गा पहिचान गरी वृक्षारोपण कार्य गरिने छ ।
- जीआईएस प्रवृधि अपनाएर जग्गाको अवस्थाका बारेमा रेकर्ड राखिने कार्य गरिनेछ ।
- गापाका वडाहरुमा रहेका सार्वजानिक पर्ति तथा सरकारी जग्गाहरुमा बढदै गएको अतिक्रमणलाई निरुत्साहित गर्न सम्पूर्ण सार्वजानिक पर्ति एवं सार्वजानिक जग्गाको लागत संकलन गरि अध्यावधिक सहितको पुस्तिका प्रकाशन गरिने छ ।
- सामुदायिक तथा निजि क्षेत्रलाई प्रोत्साहन गर्दै दिगो वन (नर्सरी) ब्यवस्थापन तथा व्यवसायिक उपयोगमा जोड दिने ।
- गापा भित्र पोखरी मर्मत सम्भार गरी निजी र साझेदारी आवधारण अवलम्वन गरिनेछ ।
- पार्क, बगैंचा लगायत संभाव्य सम्पदाहरुको समुचित विकास तथा परिचालन गर्न र्सावजानिक नीजि साझेदारी नीति मार्फत अघि बढाइने छ ।
- गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने व्यवस्था गरिने छ ।

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भुमी संरक्षण)**

- सार्वजनिक स्थलमा रहेका गापाको क्षेत्राधिकार भित्र पर्ने पोखरी आदि जस्ता प्राकृतिक श्रोत सम्पदाको संरक्षण र प्रर्वद्धन गर्दै नदी कटान नियन्त्रण गरिने छ ।

**प्रतिफल ४.३ सँग सम्बन्धित (वातावरणीय स्वच्छता र सुन्दरता)**

- गाउँपालिकामा उत्सर्जित ठोस फोहरलाई गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारीमा व्यवसायिकीकरण गर्दै व्यवस्थापन गर्ने ।
- जमिनको उपयोगिताको आधारमा भु उपयोग नीति निर्माण गरिने छ ।
- गैसस र अन्य संघ संस्थासँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिने छ ।
- प्लाष्टिक जन्य सामाग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सौन्दर्य कायम गर्न अब्यवस्थित फुटपाथ व्यवसायलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका धार्मिक स्थल,मठ, मन्दिर, ताल, पोखरी, सिमसार क्षेत्रको संरक्षणमा प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र सौर्य उर्जा जडान गरिनेछ ।
- विपन्न परिवारलाई सुधारिएको चुलो कार्यक्रममा सहभागी गराइनेछ ।
- गाउँपालिका क्षेत्रलाई फोहरमैला तथा प्लाष्टिक मुक्त क्षेत्र बनाउन अभियान सञ्चालन गरिने छ ।
- गाउँपालिकामा भएका पार्क, वगौचा लगायत सम्भावित सम्पदाहरुको समुचित विकास परिचालन गर्न सार्वजनिक निजी साझेदारीवाट अगाडी बढाईने छ ।

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन)**

- विपद व्यवस्थापन र जोखिम न्यूनिकरण कोष खडा गरिने छ ।
- गाउँपालिका क्षेत्रमा जोखिमपूर्ण क्षेत्रहरु पहिचान गरि आश्रय स्थाल, पूर्व तयारी, विपद व्यवस्थापन सम्बन्धि तालिम, तथा आपतकालिन सामग्रीहरुको भण्डारण गर्ने व्यवस्था मिलाईने छ ।
- तटबन्ध निर्माण गरिएको क्षेत्रमा बृक्षारोपण कार्यक्रम गरिने छ ।
- विपद् व्यवस्थापनकालागि विपदपूर्व तथा विपद पश्चातगर्नु पर्ने सचेतना तथा प्रतिकार्य योजना तयार गरिने छ ।
- विपद तथा उच्च जोखिममा परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम, न्यूनिकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम पूर्नस्थापना गरिने छ ।
- समुदायमा आधारित विपद जोखिम न्यूनिकरण तथा विपद ब्यवस्थापनको योजना तर्जुमा गरिने छ ।
- विपदबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित बास स्थानको व्यवस्था गरिने छ ।
- भवन आचारसँहिता, नीति नियम बनाई कार्यान्वयन गरिने छ ।
- नदी उत्खननमा रोक लगाईने छ ।

**असर ५ (सुशासन तथा क्षमता विकास) संग सम्बन्धित**

**प्रतिफल ५.४ सँग सम्बन्धित (सुशासन)**

- गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना प्रविधि युक्त बनाईनेछ ।
- डिजिटल वडा पत्र, मोवाईल एप्लिकेशन तयार गरी सेवा प्रवाहमा सहजता बनाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई सूचना प्रविधि प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिने छ ।
- गाउँपालिकाको संगठन र व्यवस्थापन सर्वे गरि जनशक्तिको व्यवस्थापन गरिने छ ।

- वालमैत्री, वातावरण मैत्री स्थानीय शासन कायम गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- पञ्जिकरण प्रणलीलाई अनलाईन बाट गर्ने गरि व्यवस्थित गरिने छ ।
- गाउँपालिकाका निर्णयहरु वेबसाईट मार्फत सार्वजनीक गरिनेछ ।
- सार्वजनीक खरिदलाई व्यवस्थित गर्न ई–बोलपत्र प्रकृयालाई अगाडि बडाइनेछ ।
- गाउँपालिका भित्र मर्मत संभार कोष, जगेडा कोष, लक्षित वर्ग संरक्षण कोष, आर्थिक सहायता कोष जस्ता कोषहरु खडागरी निश्चित कार्यविधी तय गरी कोष परिचालन गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न प्रोत्साहनको प्याकेज लागु गरिनेछ ।
- प्रेस स्वतन्त्रतालाई सम्मान गर्दै गाउँपालिका भित्र रहेका संचार संस्था, संचारकर्मीहरुसंग समन्वय र सहकार्य गर्ने नीति ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रमा अबैध मदिरा नियन्त्रण तथा जुवा तास नियन्त्रण गरीने छ । छुवाछुत भेदभाव जस्ता कार्यलाई दन्डनिय बनाईने छ । मदिरा बिक्रिकालागी निश्चत समय बिधिर प्रकृया स्थान तोक्ने व्याबस्था मिलाईने छ ।
- गाउँपालिकाका मुख्य मुख्य बजार क्षेत्रमा सिसि टि.भि. जडान गरी अपराधनियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सहजिकरण गरीने छ ।
- अपाङ्गहरुको लगत संकलन गरी उनीहरुलाई उचित सम्मान र संरक्षण गरिने छ ।
- जेष्ठनागरीकको स्वास्थ्य सुरक्षा अन्र्तरगत वडातहमा निशुल्क आखाँजाच शिबिर सञ्चालन गरीने छ ।
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरस्कार तथा सम्मान दिने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- नागरिक वडापत्र अद्यावधिक गरी प्रभावकारी विधि द्वारा जनतालाई जानकारी गराइनेछ ।
- आवश्यक ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरिनेछ ।
- प्रत्येक शाखाको कार्यविवरण र कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ
- सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको स्पष्ट कार्यविधि तोकी लागू गरिनेछ ।
- आवश्यक दक्ष जनशक्ति र सेवाको गुणस्तर बृद्धि गरिनेछ ।
- विद्युतिय माध्यमबाट सेवा प्रवाह गरिनेछ ।
- उपभोक्ता समिति परिचालन कार्यविधि पूर्ण रुपमा कार्यान्वयन लागु गरिनेछ ।
- प्रत्येक वर्ष कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गरिनेछ ।
- सुशासन, पारदर्शिता र जवाफदेहिताको कार्यविधि तयार गरी लागु गरिनेछ ।

**प्रतिफल ५.२ सग संबन्धित (संस्थागत)**

- भवन भएका वडाहरूमा फर्निचर, विद्यूत, सूचना प्रविधि सहितको कार्यकक्ष व्यवस्थापन गरिनेछ ।
- भवन नभएको २ वटा वडा र गाउँपालिका केन्द्रमा भवन निर्माण तथा कार्यकक्ष व्यवस्थापन गरिनेछ ।
- जिर्ण अवस्थामा रहेका वडा कार्यालयका भवनहरू मर्मत तथा कार्यकक्ष व्यवस्थापन गरिनेछ ।
- सबै वडा र गाउँपालिका मा सुविधा सम्पन्न वैठक कक्ष व्यवस्थापन गरिनेछ ।
- दरबन्दी र आवश्यक्तानुसारको कर्मचारी व्यवस्थापनको लागी संघ तथा प्रदेशमा पहल गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । (स्थानीय सरकार सञ्चालन तथा सूचना प्रविधि)
- गाउँपालिका को विषयगत शाखा, कार्यपालिका सदस्य र वडा कार्यालयमा अन्तर्गत सवारी साधन थप गरिनेछ ।
- गाउँपालिका तथा सबै वडा कार्यालयमा सेवाग्राही प्रतिक्षालयको व्यवस्थापन गरिनेछ ।

**प्रतिफल ५.३ संग संबन्धित (श्रोत परिचालन)**

- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एंव विस्तारिकरणमा जोड दिइनेछ ।
- कर वर्गीकरण तथा कर संकलनलाई सरलीकरण गर्न विशेष किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- आन्तरिक आय वृद्धिका लागि करका नयाँ क्षेत्रहरु पहिचान गरि कार्यान्यनमा ल्याइनेछ ।
- मल्लरानी गाउपालिकाको सवै क्षेत्रमा एकिकृत सम्पती कर प्रणाली लागु गरिने छ ।
- कर सप्ताह, घुम्ती कर संकलन, तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- एकिकृत संम्पति कर लागु गर्ने पर्याप्त तयारी गरी आगामी बर्ष देखि अनिवार्य लागु गरीने छ ।
- राजस्वको संभाब्यता अध्ययन गरी श्रोतहरु पहिचान गरीने छ ।
- राजस्व संकलन , लेखाब्याबस्थापन जस्ता सफ्टवयरहरुको प्रयोगमा ल्याईने छ ।
- तोकेको समय भित्र कर बुझाउने कर दातालाई ५ देखि १० प्रतिशत सम्म छुटको व्यवस्था गरीने छ ।
- आन्तरिक आयको संभावना अध्ययन तथा प्रक्षेपण गरिनेछ ।
- स्थानीय तहको अधिकार क्षेत्र र संभावना भएका श्रोतलाई करको दायरामा ल्याउनेछ ।
- जनसंख्या र भौगोलिक आवश्यक्ताका आधारमा विषयगत र वडागत बजेट तोक्ने पद्दतिलाई निरन्तरता दिइनेछ ।
- विकास साझेदारहरूसँग समन्वय र साझेदारीमा आयोजनाहरू सञ्चालन गरिनेछ ।
- वेरुजु न्यूनिकरणका लागि निति तथा कार्यक्रम निर्माण गरिने छ ।
- लगानी मैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

**प्रतिफल ५.४ संग संबन्धित (योजना व्यवस्थापन)**

- संघीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरिनेछ ।
- स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमा गरिनेछ ।
- चौमासिक योजना कार्यान्वयन तथा प्रगतिको समिक्षा सम्बन्धी प्रकृया तयार गरी कार्यान्वयन गरिनेछ ।
- नतिजामुलक एकिकृत ग्रामिण विकास योजना योजना लागु गरिनेछ ।
- विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी लागू गरिनेछ ।

## ४.६ बजेट प्रक्षेपण

तालिकामा गाउँपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ५ बर्षकालागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रक्षेपित राजश्व चालु आवमा परिचालिन कुल राजश्वमा प्रति वर्ष १५ प्रतिसतले बृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो । आ. व २०७५.७६ मा कुल २६८,७०३,६००.०० राजश्व परिचालन भएको थियो भने आगामी ५ बर्ष (आ.व.०८०।८१) मा गाउँपालिकाको कुल राजश्व परिचालन २,३८८,२४३,५६६.३० हुने प्रक्षेपण गरिएको छ ।

| सि.नं. | आय शिर्षक | आ.व.२०७५.७६ | आ.व.२०७६।७७ | आ.व.०७७।७८ | आ.व.०७८।७९ | आ.व.०७९।८० | आ.व.०८०।८१ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|
| १ | समानिकरण | | | | | | | |
| | संघ | ६७,२००,०००.०० | ७७,२८०,०००.०० | ८८,८७२,०००.०० | १०२,२०२,८००.० | ११७,५३३,२२०.०० | १३५,१६३,२०३.०० | **५८८,२५१,२२३.००** |
| | प्रदेश | ४,०६९,०००.०० | ४,६७९,३५०.०० | ५,३८१,२५२.५० | ६,१८८,४४०.३८ | ७,११६,७०६.४३ | ८,१८४,२१२.४० | **३५,६१८,९६१.७०** |
| २ | राजश्व वांडफांड | | | | | | | |
| | संघ | ४९,९२९,०००.०० | ५७,४१८,३५०.०० | ६६,०३१,१०२.५० | ७५,९३५,७६७.८८ | ८७,३२६,१३३.०६ | १००,४२५,०५३.०१ | **४३७,०६५,४०६.४५** |
| | पदेश | २,७८०,०००.०० | ३,१९७,०००.०० | ३,६७६,५५०.०० | ४,२२८,०३२.५० | ४,८६२,२३७.३८ | ५,५९१,५७२.९८ | **२४,३३५,३९२.८६** |
| ३ | शसर्त | | | | | | | |
| | संघ | १०२,६००,०००.०० | ११७,९९०,०००.० | १३५,६८८,५००.० | १५६,०४१,७७५.० | १७९,४४८,०४१.२५ | २०६,३६५,२४७.४४ | **८९८,१३३,५६३.६९** |
| | प्रदेश | ९,६००,०००.०० | ११,०४०,०००.०० | १२,६९६,०००.०० | १४,६००,४००.०० | १६,७९०,४६०.०० | १९,३०९,०२९.०० | २२,२०५,३८३.३५ |
| | सामाजक सुरक्षा | २९,५२५,६००.०० | ३३,९५४,४४०.०० | ३९,०४७,६०६.०० | ४४,९०४,७४६.९० | ५१,६४०,४५८.९४ | ५९,३८६,५२७.७८ | ६८,२९४,५०६.९४ |
| ४ | आन्तरिक | ३,०००,०००.०० | ४,५००,०००.०० | ६,७५०,०००.०० | १०,१२५,०००.०० | १५,१८७,५००.०० | २२,७८१,२५०.०० | **६२,३४३,७५०.००** |
| | | **२६८,७०३,६००.००** | **३१०,०५९,१४०.००** | **३५८,१४३,०११.००** | **४१४,२२६,९६२.६५** | **४७९,९०४,७५७.०५** | **५५७,२०६,०९५.६०** | **२,३८८,२४३,५६६.३०** |

प्रक्षेपित राजश्व ५ बर्षे एकिकृत ग्रामिण विकास योजनामा सूचिकृत गरिएका कार्यक्रमहरुलाई सहजरुपमा कार्यान्वयनमा लैजान कुन हद सम्म सहायक सिद्ध हुन सक्छ भन्ने कुराको विश्लेषण तल गरिएको छ ।

## ४.७ प्रमुख कार्यक्रम तथा आयोजना

प्रस्तुत तालिकामा एकिकृत ग्रामिण विकास योजना योजना तर्जुमा गोष्ठीमा सहभागी मुल समिति र विषयगत समितिले छलफल र बहसका आधारमा तयार पारेको प्रमुख कार्यक्रम तथा आयोजनाको खाका प्रस्तुत गरिएको छ। गोष्ठीमा विषयगत समितिहरुले मल्लरानी गाउँपालिकाले आगामी पाँच बर्षमा कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम र त्यसको अनुमानित लागतका बारेमा छलफल भएको थियो जसको खाका तल प्रस्तुत गरिएको छ।

| | **समष्टिगत रणनीति तथा कार्यक्रम** | | |
|---|---|---|---|
| **१** | **रणनीति** | **प्रमूख कार्यक्रम** | **अनुमानित लागत** |
| १.१ | खाद्य उत्पादन बृद्धि गर्नका लागि बाँझो जमिन राख्ने प्रचलनलाई निरुत्साहित गरिने छ | लिजहोल्ड खेती कार्यक्रम | ५ लाख |
| १.२ | शिपयुक्त तथा व्यवसायिक जनशक्ति उत्पादन गरिने छ | शिपमुलक तथा व्यवसायिक तालिम कार्यक्रम सञ्चालन | ५ लाख |
| १.३ | बाल कुपोषण न्यूनिकरण गरिने छ | पोषण सुधार कार्यक्रम | १० लाख |
| १.४ | बाल विवाह न्यूनिकरण गर्ने | कानूनी तथा सामाजिक सचेतना कार्यक्रम | १० लाख |
| १.५ | भवन तथा वस्ती विकासलाई व्यवस्थित बनाउने | भवन तथा बस्ती विकास तयारी तथा कार्यान्वयन | १० लाख |
| १.६ | वन क्षेत्र विकास विस्तार गरिने छ | बृक्षारोपण तथा संरक्षण कार्यक्रम | १५ लाख |
| १.७ | सडक गुणस्तर सुधार गरिने छ | सडक कालोपत्रे, ग्रावेल, पुल, कल्भर्ट कार्यक्रम | २५ करोड |
| १.८ | रोजगारीको अवसरमा बृद्धि गरिने छ | कृषि बनजन्य उद्यम प्रवर्द्धन कार्यक्रम, शिपमुलक तालिम, पूर्वाधार निर्माणमा युवा परिचालन कार्यक्रम | ६० लाख |
| १.९ | रेमिटेन्सको उत्पादनशिल क्षेत्रमा लगानी बृद्धि गरिने छ | वित्तिय पहुच सुधार कार्यक्रम | १० लाख |
| | **जम्मा वजेट** | | **२६ करोड २५ लाख** |
| | **आर्थिक विकास रणनीति तथा कार्यक्रम** | | |
| **२** | **रणनीति** | **प्रमूख कार्यक्रम** | **अनुमानित लागत** |
| २.१ | खाद्यान्नमा आत्मनिर्भर, व्यवसायिक कृषि, आयआर्जनमा बृद्धि, तरकारी खेती प्रबर्द्धन | उन्नत विउविजन वितरण, तालिम, गोष्ठी, भ्रमण, कृषि भेटनरी वितरण, मल व्यवस्थापन, जडिबुटी नर्सरी स्थापना, प्रशोधन केन्द्रको स्थापना, फलफूल खेती विस्तार | ३ करोड |
| २.२ | सिंचित क्षेत्र विस्तार गर्ने | सिचाई कुलो मर्मत तथा निर्माण, प्लाष्टिक एवं पक्की पोखरी निर्माण, थोपा सिंचाई | १५०००० |
| २.३ | पशु नश्ल सुधार गर्ने, पशुपालनमा व्यवसायिक बृद्धि | उन्नत जातका विउ बोका, राँगा वितरण, गोठ सुधार, उन्नत जातको घाँस वितरण श्रोतकेन्द्रको स्थापना, पशु सेवा सिबिर सञ्चालन | १० लाख |
| २.४ | पर्यटकिय क्षेत्रको विस्तारका लागि भैतिक पूर्वाधारको विकास गर्ने | भएका संरचनाको मर्मत तथा भौतिक विकास गर्ने, सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने, नयाँ क्षेत्रको खोजी, होमस्टे सञ्चालन, पर्यटकिय होटलको विकास | ३ करोड |
| २.५ | वन एवं कृषि जन्य उद्योगको विकास गर्ने | उद्योग स्थापनामा अनुदान सहयोग, | ३ करोड |
| २.६ | वित्तिय पहुँचलाई फराकिलो बनाउने | वैंकिङ सचेतना कार्यक्रम, वैंकिङ क्षेत्र विस्तार, सहकारीको नीतिगत व्यवस्था | ५० लाख |
| | **जम्मा** | | **९ क. ६१ ला. ५० ह.** |
| | **पूर्वाधार विकास** | | |
| **३** | **रणनीति** | **प्रमूख कार्यक्रम** | **अनुमानित लागत** |
| ३.१ | सबै वडाहरुमा सडक पहुँच सुनिश्चित गर्ने सडक लाई स्तर उन्नति गरि क्रमस गर्दै ग्रावेल गर्दै कालो पत्रे गर्ने उपयूक्त स्थानमा कल्भट,कजवे निमार्ण गर्ने | सडक तथा पुल विस्तार कार्यक्रम तथा मरम्मत कार्य | १० करोढ |
| ३.२ | गुरु योजना निर्माण गर्ने भवन निर्माण मापदण्ड तयार गरि लागू गर्ने तथा भूकम्प प्रतिरोधि भवन निर्माणको लागि दक्ष जनशक्ति तयार गर्ने | वस्तीविकास निर्माण गूरु योजना,भवन निर्माण माप दण्ड | १ करोड ५५ लाख |
| ३.३ | लघु जलविद्युत योजना निर्माण गर्ने विद्युत नपुगेको ठाउँमा अरु वैकल्पिक उर्जा प्रयोग गर्ने | लघु जलविद्युत आयोजना निर्माण गर्ने<br>सोलार वायो ग्यास जडान गर्ने | ४ करोड |
| ३.४ | तार सहितको फोन प्रत्येक वडामा विस्तार गर्ने सम्वन्धित कायैलय लाई ध्यानाकर्षण गरायने इन्टरनेट को पहँचसवै वडामा विशुल्क जडान गर्ने | अप्टिकल फाईवर विस्तार तथा टावरको निर्माण | १ करोड |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | | **१६ करोड ५५** |
| | **सामाजिक विकास** | | |
| **३** | **रणनीति** | **प्रमूख कार्यक्रम** | **अनुमानित लागत ०००** |
| | शिक्षा | | **१३ क ५७ ला** |
| ३.१ | विद्यालयमा आवश्यक शैक्षिक जनशक्तिको व्यवस्था तथा क्षमता विकास गर्ने | कक्षा १-५ सम्म कक्षागत र ६-१२ मा विषयगत शिक्षकको व्यवस्था गर्ने, तथा शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने | १ क ४४ ला |
| ३.२ | विद्यालयलाई भौतिक पूर्वाधार सम्पन्न बनाउने | भवन निर्माण, मर्मत, खानेपानी, फर्निचर, प्रविधिमैत्री (प्रयोगशाला, पुस्तकालय, इन्टरनेट तथा शौचालयको व्यवस्था | ७ करोड |
| ३.३ | विद्यालयको पहुच विस्तार गर्ने | विद्यार्थी संख्या र भौगोलिक वनावटका आधारमा विद्यालय स्थापना, स्तरोन्ती, तथा समायोजन कार्यक्रम | १३ लाख |
| ३.५ | संस्थागत विद्यालयलाई सरकारको मातहतमा ल्याई व्यवस्थित गर्ने | स्थानीय सरकारले व्यवस्थापन गर्ने | ५ करोड |
| | स्वास्थ्य | | **३ करोड १५ लाख** |
| ३.६ | स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार तथा पहुच विस्तार गर्ने | भवन निर्माण, ल्याव सेवा विस्तार, वर्थिङ सेन्टर | १ करोड ८० |
| ३.७ | सुचक कम भएका कार्यक्रमहरुलाई लक्ष्य प्राप्तीका लागि अभिमुखीकरण, प्रोत्साहन, | अभिमुखीकरण कार्यक्रम, सफाघर सुचक अभिबृद्धि, गरिव घरपरिवार बिमा सहयोग | ३५ लाख |
| ३.८ | तालिम, अनुगमन तथा पृष्ठपोषण, स्वास्थ्य संस्था स्थापना | प्रोत्साहन,  नमुना स्वास्थ्य संस्था अनुदान | ५५ लाख |
